जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ९८ • २०८३ साल भाद्र १० गते बुधवार (26 August, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## हराएकी बालिका बालगृहमा भेट्टियो

**टुडे समाचारदाता**

बारा। बारामा हराएकी बालिका सुरक्षित फेला परेकी छन्।

घरबाट बाहिर गएकी ११ वर्षीया बालिका पर्साको वीरगञ्जस्थित बालगृहमा सुरक्षित अवस्थामा फेला परेकी छन्।

जिल्ला प्रहरी कार्यालय बाराले जनाए अनुसार जितपुर सिमरा उपमहानगरपालिका-६ सिदरिया टोलकी गुलाब्सा खातुनकी छोरी सनाया खातुन गत जेठ १७ गते घरबाट कसैलाई जानकारी नदिइ निस्किएकी थिइन्।

आफन्त तथा छरछिमेकमा खोजतलास गर्दा पनि फेला नपरेपछि उनकी आमाले भदौ ९ गते इलाका प्रहरी कार्यालय सिमरामा बालिकाको हुलियासहित खोजीका लागि निवेदन दिएकी थिइन्।

सो निवेदनपछि जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रको नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारी तथा इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको टोलीले बालिकाको घरमा पुगेर उनकी आमा र स्थानीय जनप्रतिनिधिसँग सोधपुछ तथा खोजी थालेको थियो।

खोजीको क्रममा बालिका वीरगञ्जस्थित एक बालगृहमा सुरक्षित रहेको जानकारी पाएपछि प्रमुख जिल्ला अधिकारी मिश्रको नेतृत्वमा सुरक्षा समितिका पदाधिकारी, प्रहरी टोली तथा बालिकाकी आमा बालगृह पुगेका थिए।

जिल्ला प्रहरी कार्यालय बाराले जनाए अनुसार बालिका सकुशल रहेको र आमाको सहमतिमा बालगृहमा बस्दै आएको पाइएको छ।

बारा प्रहरीले सनाया यसअघि पनि दुई पटक घरबाट हराएकी थिइन्। गत फागुनमा हराउँदा इलाका प्रहरी कार्यालय सिमराले फेला पारी परिवारको जिम्मा लगाएको थियो। त्यस्तै वैशाखमा हराएकी उनलाई जिल्ला प्रहरी कार्यालय पर्साअन्तर्गत वडा प्रहरी कार्यालय श्रीपुरले फेला पारी आमालाई बुझाइएको थियो।

### लुम्बिनीमा जसपा नेपालका सांसद अनुशासनको घेरामा

## पार्टी निर्णयविपरीत सांसदहरू सरकारमा सहभागी, फिर्ता हुन निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम। मुलुकमा राजनीतिक समीकरण फेरिएसंगै नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच नयाँ गठबन्धन बनेपछि सातवटै प्रदेश सरकारमा त्यसको प्रत्यक्ष प्रभाव परेको छ। अधिकांश प्रदेशमा कांग्रेस-एमाले गठबन्धन भत्किएर नयाँ सत्ता समीकरणअनुसार सरकार गठन भइरहेका बेला मधेश प्रदेशमा भने पुरानै समीकरण कायम छ।

मधेशमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाबीचको सहकार्यमा सरकार सञ्चालन भइरहेको छ। एमाले-नेकपा गठबन्धन बनेपछि मधेशमा पनि सत्ता समीकरण फेरिने संकेत देखिए पनि तत्कालीन जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीचको एकीकरण प्रक्रिया तथा त्यसपछि जसपा नेपालको सरकारमा तत्काल सहभागी नहुने निर्णयका कारण समीकरण परिवर्तन हुन सकेन।

जसपा नेपालको आन्तरिक एकता र समायोजन प्रक्रिया अघि बढिसकेपछि पनि एमाले-नेकपा गठबन्धनले आफूलाई बेवास्ता गरेको भन्दै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले केही समयअघि एमाले अध्यक्ष केपी शर्मा ओलीसँग भेट गरी असन्तुष्टि व्यक्त गरेका थिए। तर लुम्बिनी प्रदेशमा भने यही विषयले अर्को रूप लिएको छ।

लुम्बिनी प्रदेशमा सरकार गठनका क्रममा जसपा नेपाललाई सहभागी गराइएकोप्रति अध्यक्ष यादव असन्तुष्ट देखिएका छन्। उनले पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूलाई तत्काल फिर्ता हुन निर्देशन दिए पनि उनीहरूले पार्टीको निर्देशन अटेर गर्दै सरकारमा सहभागिता जनाइरहेका छन्।

पार्टी निर्णयविपरीत लुम्बिनी प्रदेश सरकारको पक्षमा मतदान गरेको भन्दै जसपा नेपालले आफ्ना तीन प्रदेशसभा




सदस्यलाई पुनः स्पष्टीकरण सोधेको छ। पार्टी महासचिव डा. सुरेन्द्रकुमार झाले सांसदहरू सन्तोषकुमार पाण्डेय, हेमा वेल्वासे (केसी) र भण्डारीलाल अहिरलाई सात दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएका छन्।

पार्टीको निर्णय अनुसार वर्तमान लुम्बिनी प्रदेश सरकारलाई समर्थन नगर्ने नीति रहे पनि त्यस विपरीत सरकारको पक्षमा मतदान गरी अनुशासन उल्लंघन गरेको जसपाको आरोप छ। यसअघि प्राप्त स्पष्टीकरण अध्ययन गर्दा पार्टीको नीति, निर्णय तथा निर्देशनको भावनासँग मेल नखाने र उठाइएका प्रश्नको चित्तबुझ्दो जवाफ नआएको पार्टीले जनाएको छ।

जसपाले तीनै सांसदसंग पार्टी निर्णयविपरीत सरकारलाई समर्थन गर्नुको कारणसहित तीनवटा प्रश्नको जवाफ मागेको छ। यसअघि पनि पटक-पटक स्पष्टीकरण सोधिए पनि उनीहरूले पार्टी निर्देशन पालना नगरेको जसपा नेपालको आरोप छ।

जसपा नेपालका नेताहरूका अनुसार मधेश प्रदेशमा पार्टीलाई सरकारमा सहभागी नगराइएको असन्तुष्टिको प्रभाव लुम्बिनीमा देखिएको छ। मधेशमा जसपा नेपाल सबैभन्दा ठूलो दल भए पनि कांग्रेस, एमाले र नेकपाको गठबन्धन सरकारमा मुख्य प्रतिपक्षीको भूमिकामा छ। अग्रगामी मोर्चामा रहेको जसपा नेपालले तत्काल कुनै पनि सरकारमा सहभागी नहुने निर्णय गरेको छ।

कांग्रेस नेता महेन्द्र यादवले अन्य प्रदेशमा कांग्रेस-एमाले गठबन्धन भत्किए पनि मधेशमा त्यसको असर नपर्ने दाबी गरेका छन्। उनका अनुसार मधेशमा कांग्रेस, एमाले र नेकपाको सरकार निरन्तर रहनेछ र तीन प्रमुख दल सरकारमा रहेकाले बलियो प्रतिपक्ष आवश्यक भएकाले जसपा नेपालले उक्त भूमिका निर्वाह गरिरहेको छ।

यादवले मधेशवादी दलहरूले लामो समय प्रदेश सरकार सञ्चालन गरे पनि संघीयतामाथि नै प्रश्न उठ्ने अवस्था सिर्जना भएकाले अब कांग्रेस, एमाले र नेकपाले मिलेर सरकार सञ्चालन गर्नुपर्ने तर्क गरे। मधेश केन्द्रित दलको नेतृत्वमा सरकार हुँदा विभिन्न बेथिति बढेको दाबी गर्दै उनले ती दलले सरकार प्रभावकारी रूपमा सञ्चालन गर्न नसकेकै कारण कांग्रेस नेतृत्वमा सरकार चलाउनुपर्ने अवस्था आएको बताए।

एमाले मधेश प्रदेशका इन्चार्ज लीलानाथ श्रेष्ठले पनि जसपा नेपाल सरकारमा सहभागी हुन तयार नभएका कारण कांग्रेस, एमाले र नेकपाको सहकार्यमा सरकार सञ्चालन भइरहेको बताए। एमालेले जसपा नेपाललाई समेटेर सरकार बनाउन चाहेको भए पनि जसपा तयार नभएपछि कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिनुपरेको उनको भनाइ छ।

कांग्रेस-एमाले गठबन्धन कांग्रेसकै कारण भत्किएको आरोप लगाउँदै श्रेष्ठले सुदूरपश्चिमलगायतका प्रदेशमा कांग्रेस एकोहोरो ढंगले अघि बढ्न थालेपछि एमाले नयाँ गठबन्धन निर्माण गर्न बाध्य भएको दाबी गरे।

केन्द्रदेखि प्रदेशसम्म फेरिएको राजनीतिक समीकरणले सत्ता व्यवस्थापनमा नयाँ द्वन्द्वसमेत सिर्जना भएको छ।

### वीरगञ्ज चिनी मिल :

## २४ वर्षपछि फेरि सञ्चालनको सम्भाव्यता अध्ययन

**टुडे समाचारदाता**

वीरगञ्ज। लामो समयदेखि बन्द रहेको वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालनमा ल्याउने सरकारी प्रयासले फेरि गति लिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गठन गरेको अध्ययन कार्यदलले मंगलबार पर्साको पिपरास्थित कारखाना परिसरमा पुगेर स्थलगत अध्ययन गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सिनियर डिभिजन इञ्जिनियर (सीडीई) श्रीकान्त यादवको संयोजकत्वमा रहेको तीन सदस्यीय कार्यदलले कारखानाका भवन, भौतिक संरचना, मेसिनरी, उपकरण तथा पार्टपुर्जाको वर्तमान अवस्था र तिनलाई पुनः प्रयोग गर्न सकिने सम्भावनाबारे अध्ययन गरेको छ।



सरकारले भदौ १ गते मन्त्रिपरिषद्को निर्णयअनुसार वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता अध्ययन गर्न कार्यदल गठन गरेको थियो। कार्यदलमा संयोजक यादवसँगै मन्त्रालयकी शाखा अधिकृत ज्योति पौडेल र मन्त्रालयका सल्लाहकार श्याम शर्मा सदस्य छन्। कार्यदललाई १५ दिनभित्र कारखानाको समग्र अवस्था अध्ययन गरी पुनः सञ्चालनको सम्भाव्यता, आवश्यक कार्ययोजना र सरकारलाई दिनुपर्ने सुझावसहितको प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइएको छ।

वीरगञ्ज चिनी कारखाना तत्कालीन सोभियत संघको सहयोगमा २०२१ सालमा स्थापना भएको नेपालको महत्वपूर्ण सार्वजनिक उद्योग थियो। यसले दैनिक करिब १ हजार ५०० टन उखु पेल्ने क्षमता राख्थ्यो। कुनै समय कारखाना नाफामा चलेको थियो र आफ्नै विद्युत उत्पादनदेखि डिस्टिलरी सञ्चालनसम्मका गतिविधि पनि गर्दै आएको थियो। यसले पर्सा, बारा र आसपासका जिल्लाका उखु किसानलाई ठूलो बजार उपलब्ध गराएको थियो।

तर २०४६ सालपछिको अवधिमा कारखाना निरन्तर घाटामा जान थालेको देखिन्छ। उत्पादन लागत बढ्नु, व्यवस्थापनमा समस्या, उखुको उपलब्धतामा कमी, कर्मचारीसम्बन्धी बोझ तथा वित्तीय संकटलगायत कारणले उद्योगको अवस्था कमजोर बन्दै गयो। सरकारी अभिलेखअनुसार बन्द हुनुअघिका वर्षमा कारखानाको आम्दानीभन्दा सञ्चालन लागत बढी देखिएको थियो। उदाहरणका लागि आर्थिक वर्ष २०५७/५८ मा चालान आय ३१ करोड ५ लाख रुपैयाँको तुलनामा चालान लागत ३२ करोड २८ लाख रुपैयाँ थियो भने अर्को वर्ष घाटा अझ बढेको देखिन्छ।

कारखाना सुधार र निजीकरणका विभिन्न प्रयास पनि सफल हुन सकेनन्। २०५४ सालमा सरकारले यसको ६५ प्रतिशत सेयर निजी क्षेत्रलाई बिक्री गर्ने गरी निजीकरण प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो। तर निजी क्षेत्रबाट अपेक्षित रूपमा प्रक्रिया अघि नबढेपछि २०५८ सालमा सरकारले आफैं सञ्चालन गर्ने निर्णय गरेको विवरण पनि भेटिन्छ। त्यसपछि भने २०५९ सालमा कारखाना खारेज गर्ने निर्णय भयो। अर्थ मन्त्रालयका अभिलेखले वीरगञ्ज चिनी कारखानालाई सन् २००३ अर्थात् २०५९/६० मा खारेज गरिएका सार्वजनिक संस्थानमध्ये राखेको छ।

> मन्त्रिपरिषद्को २०५९ फागुन १६ गतेको निर्णयपछि कारखाना औपचारिक रूपमा बन्द भयो। त्यसयता करिब २४ वर्षदेखि यसको उत्पादन ठप्प छ।


मन्त्रिपरिषद्को २०५९ फागुन १६ गतेको निर्णयपछि कारखाना औपचारिक रूपमा बन्द भयो। त्यसयता करिब २४ वर्षदेखि यसको उत्पादन ठप्प छ। सरकारी अभिलेखमा कारखानाको दायित्व व्यवस्थापनमा राज्यले ठूलो रकम खर्चिनुपरेको देखिन्छ। २०७०/७१ सम्म मात्रै वीरगञ्ज चिनी कारखानाको दायित्व भुक्तानीतर्फ सरकारबाट १०६ करोड ७५ लाखभन्दा बढी रकम गएको अभिलेखमा छ।

कारखाना बन्द भएपछि पनि यसलाई पुनः सञ्चालन गर्ने चर्चा पटक-पटक हुँदै आएको छ। २०७०/७१ मा सरकारले कारखानाको सम्पत्ति र दायित्व यकिन गरी सञ्चालनको वैकल्पिक व्यवस्था सुझाउन कार्यदल गठन गरेको थियो र त्यसबाट प्रतिवेदनसमेत प्राप्त भएको सरकारी अभिलेखमा उल्लेख छ। तर प्रतिवेदनपछि पनि कारखाना सञ्चालनमा आउन सकेन।

२०७४ सालमा सरकारले बन्द वीरगञ्ज चिनी कारखाना निजी क्षेत्रलाई भाडामा दिएर सञ्चालन गर्ने निर्णयसमेत गरेको थियो। त्यसबेला सरकारले कारखाना सञ्चालनका लागि निजी क्षेत्रबाट प्रस्ताव माग्ने तयारी गरेको थियो। तर यो प्रयास पनि व्यवहारमा सफल हुन सकेन।

यसबीच कारखानाको जग्गा र संरचना प्रयोगसम्बन्धी अर्को चुनौती थपियो। कारखानाको मूल क्षेत्रमा रहेका जग्गामध्ये विभिन्न सरकारी निकायले आफ्नो प्रयोजनका लागि प्रयोग गरेका छन्। २०७९ सालमा प्रकाशित विवरणअनुसार कारखानाको वीरगञ्जस्थित करिब ५० बिघा क्षेत्रफलमध्ये करिब ४० बिघा मात्रै स्वामित्वमा बाँकी रहेको उल्लेख छ। कारखानाको केही संरचना र जग्गा अदालत तथा अन्य सरकारी कार्यालयका लागि प्रयोग हुँदै आएका छन्। यसले पुनः सञ्चालनको विषयलाई प्राविधिक मात्र नभई कानुनी र व्यवस्थापकीय विषयसमेत बनाएको छ।

यसपटक सरकारले विगतका प्रयासभन्दा फरक ढंगले कारखानाको प्राविधिक, आर्थिक, वित्तीय, कानुनी र भौतिक अवस्थालाई समग्र रूपमा अध्ययन गर्ने भएको छ। कार्यदलले पुराना मेसिन र संरचना कति उपयोगी छन्, कुन उपकरण मर्मत गरेर चलाउन सकिन्छ र कहाँ नयाँ प्रविधि तथा पूर्वाधार आवश्यक पर्छ भन्ने विषयमा निष्कर्ष निकाल्नेछ। साथै कारखानाको स्वामित्वमा रहेका जग्गा तथा अन्य सम्पत्तिसम्बन्धी समस्या पहिचान गरी समाधानका कानुनी र व्यवस्थापकीय विकल्पसमेत सुझाउनेछ।



# देशभर मनसुनी वायुको प्रभाव सक्रिय : मौसम पूर्वानुमान महाशाखा

काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ। मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।



महाशाखाका अनुसार अहिले देशभर साधारणतया बदली रही बागमती, गण्डकी र प्रदेशका केही र कोशी, कर्णाली र सुदूरपश्चिमका थोरै स्थान तथा मधेस प्रदेशका एकदुई स्थानमा हल्कादेखि मध्यमम्मको वर्षा भइरहेको छ।

महाशाखाद्वारा जारी मौसम बुलेटिनका अनुसार आज दिउँसो देशभर साधारणतया बादल लाग्नेछ। देशका हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। यसैगरी कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका धेरै तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ।

बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका केही स्थानमा तथा मधेस प्रदेशलगायत कोशी प्रदेशका तराई भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू-भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बलेटिनमा उल्लेख छ।

महाशाखाका अनुसार आज राति देशभर साधारणतया बादल लाग्नेछ। कोशी, बागमती र गण्डकी प्रदेशको हिमाली भू-भागका केही तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी भू-भागका केही तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ।

महाशाखाका अनुसार मधेस तथा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा र सुदूरपश्चिम प्रदेशको तराई भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भू-भागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना छ।

भारी वर्षाको सम्भावना रहेका क्षेत्रमा गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयजस्ता प्रकोपको जोखिम रहेकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ। वर्षाका कारण ती क्षेत्रमा दैनिक जनजीवनका साथै कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायात प्रभावित हुनसक्ने भएकाले महाशाखाका सूचनामा अद्यावधिक रहन सम्बद्ध सबैलाई अनुरोध गरिएको छ। रासस

# सुकुमवासी व्यवस्थापन गर्ने प्रतिबद्धतासँगै विस्थापित परिवारमा खुसियाली

नेपालगञ्ज । कोहलपुर नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्ने क्रममा विस्थापित ७५१ घरपरिवारको वर्गीकरण गरी आवश्यक व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरेसँगै उनीहरूमा खुसी छाएको छ।




स्थानीय नगरविकास समितिको स्वामित्वमा रहेको जग्गा खाली गराउने क्रममा गत वैशाख २६ गते विस्थापित भएका घरपरिवारको वास्तविक अवस्था बुझी व्यवस्थापन गर्ने प्रतिबद्धता आएसँगै उनीहरूमा खुसी छाएको हो।

व्यवस्थापनका क्रममा नगरपालिका र विस्थापितहरुको संयुक्त टोलीले तयार गर्ने सत्यतथ्यसहितको प्रतिवेदनका आधारमा वास्तविक भूमिहिन सुकुमवासी एवं भूमिहिन परिवारको पहिचान गरी १० दिनभित्र व्यवस्थापन गर्ने प्रक्रियाअघि बढेको अवस्थामा विस्थापित परिवारजनमा खुसी छाएको हो। यसै सन्दर्भमा वास्तविक भूमिहिन सुकुमवासीको अन्तिम सूची तयार गर्ने सहमति भएको वार्ता टोलीको संयोजक तथा कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्यले जानकारी दिनुभयो। व्यवस्थापनका क्रममा सो नगरपालिकाले विस्थापित परिवारको पहिचानसहित वर्गीकरण गरी अत्यन्त विपन्न र सङ्कटमा रहेका परिवारलाई अल्पकालीन रूपमा सहयोग गर्ने तयारीसमेत गरेको छ।

नगरप्रमुख आचार्यका अनुसार गत वैशाख २६ र २८ गते अतिक्रमित जग्गा खाली गराउने क्रममा ७५१ घरपरिवार विस्थापित भएका र स्थानीय सरकारको कार्य क्षेत्रभित्र रही विस्थापित परिवारको व्यवस्थापन गर्ने प्रक्रिया अघि बढेको छ।

स्थानीय सरकारले विभिन्न बाधा-अड्चनका बीच करिब चार महिनाको समयावधिमा पनि उचित व्यवस्थापन गर्न नसक्दा विस्थापितमध्येका केही परिवार पुनः त्रिपाल टाँगेर पुरानै ठाउँमा बस्न थालेपछि समस्या जटिल बनेको उहाँले बताउनुभयो।

"नगरविकास समितिको अतिक्रमित जग्गा खाली गराएपछि त्यहाँ बसोबास गर्दै आएका वास्तविक भूमिहिन सुकुमवासी र वास्तविक भूमिहिन दलितको उचित व्यवस्थापनका लागि स्थानीय सरकारको कार्यक्षेत्रभित्रका विषयमा सहजीकरण गर्दै आएका छौँ।" उहाँले भन्नुभयो, "कार्य क्षेत्रभन्दा बाहिरका विषय सङ्घीय सरकार र राष्ट्रिय भूमि आयोगमार्फत सम्बोधन हुनुपर्ने देखिन्छ।" सुकुमवासी सङ्घर्ष समितिका संयोजक वीरबहादुर परियारले नगरपालिकासँग भएको छलफल सकारात्मक रहेको र नगरप्रमुखले प्रतिबद्धता व्यक्त गर्नुभएको अवस्थामा आफूहरू आशावादी रहेको बताउनुभयो। "विस्थापित परिवारलाई व्यवस्थापन गर्ने क्रममा भएको छलफल अत्यन्तै सकारात्मक रह्यो। नगरपालिकाले १० दिनभित्र व्यवस्थापन प्रक्रियामा ठोस प्रगति गर्ने र बढीमा १५ दिनभित्र सुकुमवासीको समस्या समाधान गर्ने गरी प्रतिबद्धता जनाएको छ।

त्यसैले हामी समाधान हुने विषयमा विश्वस्त भएका छौँ", उहाँले भन्नुभयो। कोहलपुर नगरपालिकाले सङ्घर्ष समितिसँगको सहकार्यमा व्यवस्थापन प्रक्रियालाई समयबद्ध रूपमा अघि बढाउने र तार्किक निष्कर्षमा पुर्याउने प्रतिबद्धता व्यक्त गरेको छ। रासस

# सर्भेक्षक सुडीमाथि भ्रष्टाचार मुद्दा दायर

काठमाण्डु। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता-पश्चिम) मा सर्भेक्षक पदमा कार्यरत विन्देश्वर साह सुडीले पदीय मर्यादा विपरीत कार्य गरेर गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्दै आज विशेष अदालत काठमाडौँमा आरोपत्रपत्र दायर गरेको छ।

आयोगले सर्भेक्षक सुडीले २०४६ देखि २०८१ सम्मको अवधिमा रु तीन करोड ७१ लाख ८४ हजार ५५१ गैरकानुनी रुपमा आम्दानी गरेको र सोको स्रोत देखाउन नसकेको भन्दै आरोपपत्र दायर गरेको हो। सुडीले २०४६ सालदेखि २०८१ सम्मसम्म वैध आम्दानीतर्फ रु छ करोड तीन लाख पचासी हजार ३० वैधानिक आय आर्जन गरेको जनाएको छ।

सर्भेक्षक सुडीले सबैतर्फ गरेर रु नौ करोड ७५ लाख ६९ हजार ५८१ बराबरको व्यय लगानी भेट्टिएको आयोगले जनाएको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपोनले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग, दफा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख समेतको प्रचलित कानुन बमोजिम जफत गर्ने प्रयोजनार्थ सुडीकी पत्नी सुमीत्रादेवी साहलाई प्रतिवादी कायम गरेको बताउनुभयो। रासस

# देशभर विभिन्न सात सडकखण्ड अवरुद्ध

काठमाण्डु। वर्षासँगै आएको बाढी, पहिरो, सडकमा लेदो तथा नदी कटानका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध भएका छन्।

नेपाल प्रहरीका अनुसार मंगलबार बिहान १०:०० बजेसम्म काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, नुवाकोट, इलाम, सिन्धुपाल्चोक, रसुवा र रुकुम पश्चिमका सडकखण्ड प्रभावित भएका छन्।

काभ्रेपलाञ्चोक हुँदै खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी-सिन्धुली चल्ने बीपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै राति ६:०० बजेदेखि बिहान ४:०० बजेसम्म सम्पूर्ण सवारीसाधनको आवागमन रोकिएको छ। बिहान ४:०० बजेदेखि बेलुका ६:०० बजेसम्म भने सवारीसाधन सञ्चालन हुने जनाइएको छ।

त्यसैगरी, वर्षाका कारण मकवानपुरको कान्ति लोकपथमा राति ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म सबै किसिमका सवारीसाधनको आवागमनमा रोक लगाइएको छ।

नुवाकोटको टोखा-छहरे सडकखण्डमा पनि राति १०:०० बजेदेखि बिहान ५:०० बजेसम्म अत्यावश्यक सेवाबाहेकका सार्वजनिक तथा निजी सवारीसाधनको आवागमन बन्द गरिएको छ।

वर्षाका कारण इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ। सडकमा हिलो भएका कारण सवार ीसाधन सञ्चालन हुन नसकेको र उक्त स्थानमा वैकल्पिक बाटो रहेको जनाइएको छ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ लिपिङ बजार स्थित अरनिको राजमार्गमा भदौ ५ गते खहरे खोलाबाट आएको लेदो तथा ढुङ्गासहितको पहिरोका कारण सडक पूर्णरूपमा अवरुद्ध भएको छ।

त्यस्तै, रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेस्थित त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी सडकखण्ड त्रिशूली नदीले सडकमुनिबाट कटान गरेपछि पूर्णरूपमा अवरुद्ध भएको छ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगाई खोलास्थित भेरी करिडोरको जाजरकोट-डोल्पा सडकखण्डमा सडक माथिबाट ढुङ्गा, माटोसहितको लेदो आएपछि सडक पूर्णरूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार वर्षाका कारण सडक अवरुद्ध हुने तथा जोखिम बढ्ने क्रम रहेकाले सम्बन्धित सडकखण्डमा यात्रा गर्दा सावधानी अपनाउन आवश्यक छ। रासस

# पशुमा रेविज सङ्क्रमण पुष्टि भएपछि खोप अभियान

चितवन । पूर्वी चितवनको रत्ननगरमा पालिएका पशु चौपायमा रेविजको सङ्क्रमण देखिएको छ। नगर क्षेत्रका पशुमा रेविजको लक्षण देखिएको हो। रत्ननगर -९ र १० को नमूनामा रोगको सङ्क्रमण पुष्टि भएको छ।



पशु सेवा कार्यालयका प्रमुख डा प्रभात न्यौपानेका अनुसार जर्सी गाईमा रोग सङ्क्रमण पुष्टि भएको हो। उहाँका अनुसार यो रोग लागेका गाई भैँसीले ऱ्याल काड्ने, टाउको भित्तामा ठोक्ने, मान्छे या अन्य जनावारलाई टोक्न खोज्ने, पानी खान नखोज्ने, घाँस खान नखोज्ने, दूध घटाउने र मर्ने हुन्छ। कुकुर बिरालामा रेविजविरुद्धको भ्याक्सिन लगाइए पनि अन्य पशु चौपायमा खासै यसको सुई लगाइँदैन।

रोगको सङ्क्रमण देखिएसँगै सङ्क्रमित क्षेत्रमा पालिएका पशु चौपायमा रोविजविरुद्धको खोप लगाउन सुरु गरिएको छ। यो रोग लाइसा नामक भाइरसका कारण लाग्ने गर्दछ। जिल्लाका अन्य पालिकाहरुमा समेत यस रोगको सङ्क्रमण देखिन सक्ने जनाउँदै उहाँले पशुपालक किसानलाई उच्च सावधानी अपनाउन आग्रह गर्नुभयो।

रत्ननगर नगरपालिकाकी पशु चिकित्सक अनुस्का राजभण्डारीका अनुसार पालिकाका विभिन्न वडामा पालिएका पशुमा यो रोगको सङ्क्रमण देखिएको छ। यहाँका पशुहरुको नमूना सङ्कलन गरी परीक्षणका लागि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला काठमाडौँ पठाइएको छ। रोगको सङ्क्रमण देखिए पछि सङ्क्रमित क्षेत्रमा उच्च सतर्कता अपनाइएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यस आर्थिक वर्षमा सो पालिकामा चार वटा नमूना सङ्कलन गरिएको छ। दुई वटा नमूनाको परिक्षणका लागि पठाउने तयारी गरिएको छ। दुई वटामा सङ्क्रमणको पुष्टि भइसकेको छ। पशु मरेपछि नमूना परीक्षणका लागि पठाउने गरिन्छ।

सङ्क्रमणको लक्ष्याण देखिएका नौदेखि १० दिनको बीचमा पशु मर्ने गरेको उहाँले जानकारी दिनुभयो। यस पालिकाको वडा नम्बर ९, १० र १६ मा रेविजको सङ्क्रमण देखिएको हो। यस क्षेत्रमा न्याउरी मुसा र स्यालको टोकाइले रेविज सरेको उहाँको अनुमान छ। रेविजको सङ्क्रमण देखिएका क्षेत्रमा रहेका पशु तथा मानिसहरुमा रेविजविरुद्धको सुई दिन थालिएको उहाँले जानकारी दिनुभयो।

कुकुर र जङ्गली जनावरको टोकाइबाट सर्ने यस रोग जङ्गलको आसपासमा रहेका कृषकहरुलाई सतर्कता अपनाउन र लक्ष्यण देखिए तत्काल खबर गर्न अनुरोध गरिएको उहाँले वताउनुभयो।

जनावरले टोकेको वा चिथोरेको ठाउँमा तुरुन्तै १५ मिनेटसम्म साबुन र बगिरहेको सफा पानीले राम्ररी धुने, चिकित्सकको सल्लाहअनुसार तुरुन्तै र तोकिएको तालिकाअनुसार रेविजविरुद्धको खोप लगाउने, घरपालुवा कुकुर र बिरालालाई नियमित रूपमा प्रत्येक वर्ष रेविजविरुद्धको खोप लगाउने, शङ्कास्पद वा अनौठो व्यवहार देखाएका पशुहरूलाई अन्य जनावर र मानिसबाट टाढा सुरक्षित ठाउँमा थुनेर राख्ने गर्नुपर्ने उहाँले सुझाब दिनुभयो। रासस

# मनसुनयता सरदरभन्दा कम वर्षा

काठमाण्डु । यस वर्ष मनसुन प्रवेश गरेयता ६० दिनको अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।



विभागअन्तर्गत हावा पानी विश्लेषण शाखाका इन्जार्ज सुजन सुवेदीले असार ५ देखि भदौ १ गतेसम्म देशभर मापन गरिएको कुल वर्षा ७४६ दशमलव ८ मिलिमिटर रहेको जानकारी दिनुभयो। सो अवधिमा सामान्यतया ८३० दशमलव ६ मिलिमिटर वर्षा हुने गरेकोमा यस वर्ष सरदरको ८९ दशमलव ९ प्रतिशत मात्र वर्षा भएको उहाँले जानकारी दिनुभयो।

यसअनुसार मनसुनको उक्त अवधिमा सरदरभन्दा ८३ दशमलव ८ मिलिमिटर कम वर्षा भएको देखिन्छ। "यस वर्षको मनसुन अवधिमा वर्षाको मात्रा सरदरभन्दा कम देखिए पनि वर्षाको वितरण र स्थानअनुसारको अवस्थालाई समेत विश्लेषण गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो।

सुवेदीले मनसुन नेपालको सबैभन्दा संवेदनशील मौसम प्रणाली भएको उल्लेख गर्दै वार्षिक वर्षाको करिब ८० प्रतिशत हिस्सा मनसुन अवधिमै हुने जानकारी दिनुभयो।

जल तथा मौसम विज्ञान विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको थियो। विभागका प्रक्षेपणअनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ। सुदूरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेस प्रदेशका पश्चिमी भू-भाग तथा कोशी प्रदेशका मध्य भू-भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ।

कर्णाली र कोशी प्रदेशका उत्तरी भू-भागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ। बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आँकलन छ। अधिकतम तापक्रमतर्फ सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेस र कोशी प्रदेशका विभिन्न भू-भागमा सरदरभन्दा बढी तापक्रम रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ।

न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको विभागको निष्कर्ष छ। विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेस र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ। रासस


## सर्टिफिकेट हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को ट्रान्सक्रिप्ट, माइग्रेशन तथा प्रोभिजिनल सर्टिफिकेट मिति २०८३/०४/१६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : उज्जवल सिंह ब्रजेश शिवम**
**सिम्बोल नं.:** २७६०७७५०
**रजिष्ट्रेशन नं.:** ७४७६२७७६E
**ठेगाना: मनरा सिसवा न.पा.-३, सोनौल, महोत्तरी**
**मो.नं.** ९८०८५४९०३०



## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** नयाँ अवसरले तपाईलाई उत्साहित बनाउन सक्छ।
**वृष :** धैर्य र संयमका साथ काम गर्नु राम्रो हुनेछ।
**मिथुन :** आज तपाईको बोली र व्यवहारले सबैको मन जित्नेछ।
**कर्कट :** भावनात्मक निर्णय लिन हतार नगर्नुहोस्।
**सिंह :** आत्मविश्वासका साथ अगाडि बढ्ने दिन हो।
**कन्या :** अधुरा काम पूरा गर्ने राम्रो अवसर मिल्नेछ।
**तुला :** सामाजिक क्षेत्रमा तपाईको सक्रियता बढ्नेछ।
**वृश्चिक :** गोप्य योजना वा निर्णयमा सावधानी अपनाउनुहोस्।
**धनु :** यात्राको सम्भावना बन्न सक्छ। नयाँ ज्ञान र सीप सिक्ने राम्रो अवसर मिल्नेछ।
**मकर :** जिम्मेवारी बढ्न सक्छ, तर त्यसबाट राम्रो उपलब्धि पनि मिल्नेछ।
**कुम्भ:** आज नयाँ सोच र सिर्जनात्मक विचारले सफलता दिलाउन सक्छ।
**मीन:** आज मन शान्त राखेर निर्णय लिनुहोस्।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**



## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे


## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आगलागीमा परी महिलाको मृत्यु



टुडे समाचारदाता

लहान । सिरहाको मिर्चैया नगरपालिका-५ स्थित गुदरी बजारमा भएको आगलागीमा परी एक महिलाको जलेर मृत्यु भएको छ।

गुदरी बजार अन्तर्गत गदि खाद टोलमा रहेको निजी निवासमा आगलागी हुँदा ३० वर्षिया महिलाको मृत्यु भएको हो। आगलागीपछि घरभित्रबाट उनको पूर्ण रूपमा जलेको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ।

मृतक रञ्जित महतोकी दोस्रो पत्नी रहेको खुलेको छ । करिब एक वर्षअघि लहानमा विवाह गरेका उनीहरूको आफ्नै सन्तान भने थिएनन्। रञ्जितको पहिलो पत्नीबाट दुई सन्तान रहेको बताइएको छ।

रञ्जित महतोको पुख्यौली घर कल्याणपुर नगरपालिका-८ मझौ रहेको प्रहरीले जनाएको छ । उनी करिब आठ वर्षदेखि मिर्चैयामा बस्दै आएका थिए । पछिल्लो एक वर्षदेखि उनले गुदरी बजारमा बीउबिजनको व्यापारसमेत सञ्चालन गर्दै आएका थिए।

घटना घना बस्ती तथा व्यस्त व्यापारिक क्षेत्रमा भएकाले आगलागीपछि स्थानीयवासी, व्यापारी तथा सर्वसाधारणको ठूलो भीड घटनास्थलमा जम्मा भएको थियो। घटनाले गुदरी बजारलाई नै शोकमा डुबाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक वासुदेव पाठकका अनुसार आगलागीको कारण अहिलेसम्म खुल्न सकेको छैन। घटनाको वास्तविक अवस्था पत्ता लगाउन इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी टोली परिचालन गरी घटनास्थलबाट प्रमाण संकलन तथा अनुसन्धान भइरहेको छ।

प्रहरीले आगलागी विद्युत् सर्ट, ग्यास वा अन्य कारणले भएको हो भन्ने विषयमा समेत अनुसन्धान गरिरहेको जनाएको छ। घटनाको विस्तृत विवरण अनुसन्धानपछि मात्र खुल्ने प्रहरीले जनाएको छ।

# गौर अस्पताललाई भवन र सिटी स्क्यानका लागि १० करोड

टुडे समाचारदाता

रौतहट । रौतहटको सदरमुकाम गौरस्थित प्रादेशिक अस्पतालमा सुबिधा सम्पन्न बनाउन मधेस प्रदेश सरकारले अस्पतालमा सिटी स्क्यान सेवा विस्तार, भवन निर्माण र अत्याधुनिक मेसिन खरिद गर्न १० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ।

लामो समयदेखि जिल्लावासीले प्रादेशिक अस्पतालमै सिटी स्क्यान सेवा उपलब्ध गराउन माग गर्दै आएका थिए। सामान्य स्वास्थ्य परीक्षणदेखि गम्भीर प्रकृतिका बिरामीको उपचारसम्मका लागि जिल्लाबाहिर जानुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले प्रदेश सरकारले यसपटक बजेटमै कार्यक्रम समावेश गरेको हो।

यसका लागि मुख्यमन्त्री कृष्णप्रसाद यादवको विशेष पहल र चासो महत्वपूर्ण रहेको प्रदेश सरकारका अधिकारीहरूको भनाइ छ । रौतहटबाटै प्रदेशको नेतृत्व गर्ने अवसर पाएका मुख्यमन्त्री यादवले जिल्लाको स्वास्थ्य पूर्वाधार सुधारलाई प्राथमिकतामा राख्दै बजेट व्यवस्थापनका लागि पहल गरेको बताइएको छ।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराई 'समीर' का अनुसार आर्थिक वर्ष २०८२/८३ को बजेटमा प्रादेशिक अस्पताल गौरको नाम नै तोकेर सिटी स्क्यान मेसिन खरिद तथा आवश्यक भवन निर्माणसम्बन्धी कार्यक्रम राखिएको छ।

अर्थमन्त्री भट्टराईले सिटी स्क्यान सेवाको अभावमा गम्भीर प्रकृतिका बिरामीलाई वीरगञ्ज, जनकपुर तथा सीमावर्ती भारतीय सहरसम्म लैजानुपर्ने अवस्था रहेको बताए।




'प्रादेशिक अस्पताल गौरमै सिटी स्क्यान सेवा सञ्चालन भएपछि सर्वसाधारणले उपचारका लागि वीरगञ्ज, जनकपुर तथा सीमावर्ती भारतीय सहरसम्म धाउनुपर्ने अवस्थाको अन्त्य हुन्छ।' उनको भनाई छ।

सिटी स्क्यान सेवा सञ्चालन भएपछि टाउकोमा चोट लागेका, मस्तिष्कसम्बन्धी समस्या भएका, दुर्घटनाका घाइते तथा अन्य जटिल अवस्थाका बिरामीको परीक्षण गौरमै गर्न सकिनेछ।

यसबाट बिरामीले उपचारका लागि बाहिर जानुपर्दा लाग्ने अतिरिक्त खर्च र समय दुवै बचत हुने अपेक्षा गरिएको छ। अझ आकस्मिक अवस्थामा सिटी स्क्यान परीक्षण तत्काल गर्न सकिने भएकाले उपचार प्रक्रिया थप प्रभावकारी बन्ने चिकित्सकहरूको अपेक्षा छ।

तर बजेट विनियोजन हुनु मात्र पर्याप्त नहुने देखिन्छ। भवन निर्माणदेखि मेसिन खरिद, जडान, दक्ष रेडियोलोजिस्ट तथा प्राविधिक जनशक्ति व्यवस्थापनसम्मका काम समयमै सम्पन्न गर्नुपर्ने चुनौती प्रदेश सरकारसामु छ।

यसपटक मधेस प्रदेश सरकारमा रौतहटको राजनीतिक प्रतिनिधित्व पनि बलियो देखिएको छ। मुख्यमन्त्रीमा कृष्णप्रसाद यादव, अर्थमन्त्रीमा युवराज भट्टराई 'समीर' र स्वास्थ्य मन्त्रीमा नागेन्द्र साह रहेका छन्।

मुख्यमन्त्री, अर्थ र स्वास्थ्य मन्त्रालयको नेतृत्वसँग रौतहटको प्रत्यक्ष सम्बन्ध रहेकाले जिल्लाको स्वास्थ्य क्षेत्रले थप प्राथमिकता पाउने अपेक्षा गरिएको छ । यही राजनीतिक समीकरणबीच प्रादेशिक अस्पताल गौरका लागि १० करोड रुपैयाँ विनियोजन हुनुलाई जिल्लावासीले सकारात्मक रूपमा लिएका छन्।

यदि भवन निर्माण, मेसिन खरिद र जनशक्ति व्यवस्थापनको काम समयमै सम्पन्न गर्न सकियो भने प्रादेशिक अस्पताल गौर रौतहट मात्र नभई सीमावर्ती क्षेत्रका नागरिकका लागि समेत भरपर्दो स्वास्थ्य उपचार केन्द्रका रूपमा स्थापित हुने आधार बन्न सक्छ।

# सञ्चार सामाग्री प्रहरीलाई हस्तान्तरण

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशको शान्ति सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले नेपाल प्रहरीलाई करिब २३ लाख रुपैयाँ मूल्य बराबरका सञ्चार तथा सुरक्षा सामग्री उपलब्ध गराएको छ।

गृह, सञ्चार तथा कानून मन्त्रालयले मंगलबार आयोजना गरेको कार्यक्रममा मन्त्री फकिरा महतोले मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी ओमप्रसाद अधिकारीलाई सामग्री हस्तान्तरण गरेकी हुन्।

मन्त्रालयका अनुसार प्रदेशका आठवटै जिल्लामा जडान भएका सीसीटीभीको मर्मत तथा सञ्चालनमा आवश्यक पर्ने सामग्रीसँगै विभिन्न सुरक्षा उपकरण प्रहरीलाई दिइएको हो। हस्तान्तरण गरिएका सामग्रीमा ल्यापटप, ओटीडीआर, क्यामेरा, स्टिकर, स्लिभ, लेजर लाइट, ग्लब्स, मेटल डिटेक्टर, हेलमेटलगायतका उपकरण रहेका छन्।

सामग्री हस्तान्तरण गर्दै मन्त्री महतोले प्रहरीको कामलाई थप सहज बनाउन आवश्यक स्रोतसाधन उपलब्ध गराउनु प्रदेश सरकारको प्राथमिकतामा रहेको बताइन्। विशेषगरी जिल्लाका विभिन्न स्थानमा जडान गरिएका सीसीटीभी बिग्रँदा सुरक्षा निगरानीमा समस्या देखिएकाले मर्मतका लागि आवश्यक सामग्री उपलब्ध गराइएको उनको भनाइ थियो।

उनले आवश्यकता पहिचान गरी सीसीटीभी नभएका वा थप निगरानी आवश्यक पर्ने स्थानमा नयाँ सीसीटीभी जडान गर्ने योजना प्रदेश सरकारले अघि बढाउने जानकारी दिइन्।



प्रहरीको प्रविधिगत क्षमता र सुरक्षा निगरानीलाई बलियो बनाउन यस्ता उपकरणले सहयोग पुग्ने मन्त्रालयको अपेक्षा छ। प्रदेश सरकारले यसअघि पनि सुरक्षा निकायको पूर्वाधार र साधनस्रोत अभिवृद्धिका लागि विभिन्न सामग्री उपलब्ध गराउँदै आएको जनाएको छ।

यसै क्रममा प्रदेशका आठवटै जिल्ला प्रहरी कार्यालय तथा चारवटा इलाका प्रहरी कार्यालयलाई यसअघि एक-एक थान जीपसमेत हस्तान्तरण गरिएको थियो।

# सेवा गर्दागर्दै अस्ताए शाखा अधिकृत यादव

टुडे समाचारदाता

रौतहट । रौतहटको दुर्गा भगवती गाउँपालिका-४ पचरुखी छतौना टोलमा मंगलबार बिहान असामान्य सन्नाटा थियो।

गाउँका होनहार युवा तथा सरकारी सेवामा क्रियाशील शाखा अधिकृत ओमप्रकाश यादवको पार्थिव शरीर घरमा आइपुगेपछि गाउँ शोकमा डुबेको हो।

गृह मन्त्रालय, काठमाडौंमा कार्यरत ४२ वर्षीय यादवको सोमबार राति उपचारका क्रममा निधन भएको छ। मस्तिष्कघात भएपछि करिब १० दिनदेखि काठमाडौंस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा उपचाररत यादवले अन्ततः जीवनसँगको संघर्ष हारेका हुन्।

डेढ वर्षदेखि गृह मन्त्रालयमा शाखा अधिकृतका रूपमा कार्यरत यादवलाई काठमाडौंमै रहेका बेला अचानक मस्तिष्कघात भएको दुर्गा भगवती



गाउँपालिका-४ का वडाध्यक्ष रामानन्द यादवले जानकारी दिएका छन्।

'अझै धेरै गर्न बाँकी रहेको उमेरमै उहाँलाई गुमाउनुपर्‍यो,' यादवको निधनले गाउँ नै स्तब्ध बनेको बताउँदै वडाध्यक्ष यादवले भने।

सरकारी सेवामा रहँदा यादवले रौतहटमै पनि लामो समय महत्वपूर्ण जिम्मेवारी सम्हालेका थिए । जिल्ला प्रशासन कार्यालय रौतहटसहित जिल्लाका विभिन्न स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतका रूपमा काम गरेका उनी कर्मचारी र जनप्रतिनिधिमाझ सरल, मिलनसार तथा जिम्मेवार प्रशासकका रूपमा परिचित थिए।

दुर्गा भगवती गाउँपालिका-२ का वडाध्यक्ष धर्मेन्द्रकुमार झाले यादवको निधनले गाउँपालिका मात्र नभई जिल्लाले नै एक अनुभवी र कर्तव्यनिष्ठ कर्मचारी गुमाएको बताएका छन्। 'यति कम उमेरमै उहाँको निधनको खबर पत्याउनै गाह्रो भइरहेको छ। उहाँले प्रशासनिक क्षेत्रमा अझै धेरै योगदान दिन सक्नुहुन्थ्यो,' झाले भनेका छन्।

यादवको पार्थिव शरीर मंगलबार बिहान पैतृक गाउँ छतौना ल्याइएको छ। उनको अन्तिम संस्कार मंगलबार दिउँसो बागमती नदीको किनारमा हिन्दु परम्पराअनुसार गरिने परिवारले जनाएको छ।

यादवका एक छोरा र एक छोरी छन्। उनको असामयिक निधनले परिवारलाई मात्र होइन, आफन्त, सहकर्मी, जनप्रतिनिधि र शुभेच्छुकलाई समेत गहिरो शोकमा पारेको छ।

यादवको निधनको खबर फैलिएसँगै सामाजिक सञ्जालमा समेत श्रद्धाञ्जलीको ओइरो लागेको छ। स्थानीयवासी, कर्मचारी, जनप्रतिनिधि तथा शुभेच्छुकहरूले उनको तस्वीर राख्दै भावुक शब्दमा श्रद्धाञ्जली व्यक्त गरिरहेका छन्।

४२ वर्षको अल्पायुमै भएको उनको निधनले एउटा परिवारको सहारा मात्र खोसेको छैन, प्रशासनिक क्षेत्रमा योगदान दिइरहेको एक सम्भावनाशील कर्मचारीलाई समेत गुमाएको छ।

# उखुको समर्थन मूल्य तोक्न तयारी अघि बढाइयो

टुडे समाचारदाता

काठमाण्डू। नेपाल सरकारले उखु किसानहरूलाई उचित मूल्य दिलाउने उद्देश्यसहित यस वर्षका लागि उखुको न्यूनतम समर्थन मूल्य तोक्ने तयारी अघि बढाएको छ।

त्यसका लागि कृषि विभागले उखुखेती धेरै हुने तराईका ११ वटा जिल्लाहरूमा स्थलगत अध्ययन सुरु गरिसकेको छ।



विभागको टोलीले सुनसरी, मोरङ, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, नवलपरासी, बर्दिया, कैलाली र कञ्चनपुरमा पुगेर किसानको वास्तविक उत्पादन लागत र अन्य खर्चको तथ्यांक जुटाइरहेको विभागले जानकारी दिएको छ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलका अनुसार यसै सर्वेक्षणबाट प्राप्त यथार्थ विवरणका आधारमा नयाँ समर्थन मूल्य प्रस्ताव गरिनेछ । अहिले भइरहेको अध्ययनमा अघिल्ला वर्षहरूको तुलनामा ढुवानी, उत्पादन तथा अन्य विविध खर्चमा आएको परिवर्तनको समेत सुक्ष्म मूल्यांकन गरिने उनले जानकारी दिए।

विभागले यो अध्ययन प्रतिवेदन तयार पारिसकेपछि थप छलफल र सहमतिका लागि कृषि वन तथा पर्यावरण मन्त्रालयमा पेस गर्नेछ।

त्यसपछि मन्त्रिपरिषद्को बैठकले उखुको खरिद मूल्य र किसानलाई सरकारले उपलब्ध गराउने अनुदान रकमको अन्तिम टुंगो लगाउने महानिर्देशक सञ्जेलले बताए।

बजारमा कृषिउपजको भाउ घट्दा किसानले ठूलो घाटा व्यहोर्नु नपरोस् र उनीहरूको लगानी सुरक्षित होस् भन्नका लागि सरकारले वर्षेनी उखु, धान लगायतका बालीको न्यूनतम समर्थन मूल्य तोक्दै आएको छ। अघिल्लो वर्ष सरकारले उखुको खरिद मूल्य प्रतिक्विन्टल ६ सय २० रुपैयाँ र किसानलाई दिइने अनुदान ७० रुपैयाँ कायम गरेको थियो।

# एनसेल उपभोक्ताले मेडिसिटीमा निशुल्क परामर्श सेवा लिन पाउने

टुडे समाचारदाता

जनकपुरधाम । एनसेलका ग्राहकले अब नेपाल मेडिसिटी अस्पतालमा निःशुल्क चिकित्सक परामर्श सेवा पाउने भएका छन्। ग्राहकलाई सहज र किफायती स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले एनसेल र नेपाल मेडिसिटी अस्पतालबीच स्वास्थ्य सेवासम्बन्धी साझेदारी भएको हो।

मंगलबार आयोजित कार्यक्रममा एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपाँग दत्ता र नेपाल मेडिसिटी अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. अमित तोमरले सो सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

सम्झौता अनुसार २९९ रुपैयाँ वा सोभन्दा बढी मूल्यका प्याकेज वा रेन्टल सेवा प्रयोग गर्ने एनसेल ग्राहकले नेपाल मेडिसिटी अस्पतालको बहिरंग विभागमा चिकित्सकसँग निःशुल्क परामर्श लिन सक्नेछन् । यस्तै, ९९ देखि २९९ रुपैयाँसम्मका प्याकेज वा रेन्टल सेवा प्रयोगकर्ताले चिकित्सक परामर्श शुल्कमा २० प्रतिशत छुट पाउने व्यवस्था गरिएको छ।




सुविधा लिन ग्राहकले एनसेल एपमा लगइन गरी 'पार्टनर्ड सर्भिसेज' खण्डबाट नेपाल मेडिसिटी अस्पताल छनोट गर्नुपर्नेछ । त्यसपछि ग्राहकको योग्यता र उपलब्ध सुविधाको विवरण एपमै देखिने एनसेलले जनाएको छ।

योग्यतामा नपरेका ग्राहकले तोकिएको प्याक वा रेन्टल सेवा लिएपछि उक्त सुविधाको उपयोग गर्न सक्नेछन्।

एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर दत्ताले मोबाइल कनेक्टिभिटीसँगै ग्राहकलाई स्वास्थ्य सेवामा समेत थप सुविधा उपलब्ध गराउने उद्देश्यले साझेदारी गरिएको बताए। उनका अनुसार ग्राहकको दैनिक जीवनमा प्रत्यक्ष लाभ पुग्ने सेवासँग एनसेलका प्याकेजलाई जोड्ने प्रयासअन्तर्गत यो सहकार्य गरिएको हो।

नेपाल मेडिसिटीका प्रमुख कार्यकारी अधिकृत डा. तोमरले स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न निजी क्षेत्रका कम्पनी र स्वास्थ्य संस्थाबीचको सहकार्य महत्वपूर्ण हुने बताए । यस्तो साझेदारीले गुणस्तरीय स्वास्थ्य सेवालाई थप पहुँचयोग्य र किफायती बनाउन सहयोग पुग्ने उनको भनाइ छ।

एनसेलले ग्राहकलाई मोबाइल तथा इन्टरनेट सेवामा मात्र सीमित नराखी विभिन्न आवश्यक सेवासँग जोडेर थप लाभ उपलब्ध गराउने उद्देश्यले यस्ता साझेदारीलाई निरन्तरता दिँदै आएको जनाएको छ । नयाँ सहकार्यबाट ग्राहकको स्वास्थ्य तथा कल्याणमा समेत योगदान पुग्ने कम्पनीको अपेक्षा छ।

# ट्याक्टरमा किचिएर एक किशोरको मृत्यु

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको पटेर्वा सुगौली गाउँपालिका-१ स्थित भाथाधाम (बाबा दुधेश्वरनाथ महादेव) मा ट्याक्टरबाट खसेका एक किशोरको सोही टयाक्टरमा किचिएर मृत्यु भएको छ।

मृत्यु हुनेमा बाराको विश्रामपुर गाउँपालिका-५ इटियाही टोलका अजय रामका छोरा १७ वर्षीय आकाश राम रहेका छन्। एक महिने साउने मेला समापन भएपछि मंगलबार बिहान मेलामा थापिएका पसलका सामान लिन जाँदै गरेको ट्र्याक्टरबाट खसेका रामलाई सोही ट्र्याक्टरले किचेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार ट्र्याक्टरमा चालक र आकाश गरी दुई जना मात्रै सवार थिए। उनीहरू नाताले काका-भतिजा रहेको बताइएको छ । चारभैया पोस्टबाट करिब दुई किलोमिटरभित्र पुगेपछि आकाश ट्र्याक्टरबाट खसेका थिए । त्यसक्रममा ट्र्याक्टरको चक्कामुनि परी उनको घटनास्थलमै मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीले जनाएको छ।

घटना मंगलबार बिहान करिब ७ बजे भएको बताइएको छ। बाटोमा रगत देखेपछि भाथाधामतर्फ जाँदै गरेका श्रद्धालुले घटनाबारे नेपाली सेनालाई जानकारी गराएका थिए। त्यसपछि मेला व्यवस्थापन समितिका अध्यक्ष अल्खदेव चौधरी घटनास्थलमा पुग्दा किशोर मृत अवस्थामा भेटिएपछि प्रहरीलाई खबर गरिएको थियो।



सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो।

प्रहरी निरीक्षक अधिकारीका अनुसार प्रारम्भिक अनुसन्धानमा ट्र्याक्टरमा चालक र मृतक किशोर गरी दुई जना सवार रहेको खुलेको छ । किशोर ट्र्याक्टरबाट खसेपछि चक्काले किचेर मृत्यु भएको देखिएको उनले बताए । घटनापछि चालक ट्र्याक्टरसहित फरार भएका छन् । प्रहरीले ट्र्याक्टर र चालकको खोजी गरिरहेको जनाएको छ।

# नवजात शिशुको खरिद-बिक्रीमा संलग्न पाँचजना पक्राउ



टुडे समाचारदाता

रौतहट । रौतहट बारा संग सिमाना जोडिएको भारतको बिहारस्थित पूर्वी चम्पारणको मोतिहारीमा नवजात शिशुको खरिद-बिक्रीमा संलग्न रहेको आरोपमा भारतीय प्रहरीले चार महिला र एक पुरुषसहित पाँच जनालाई पक्राउ गरेको छ।


जिल्ला प्रहरी प्रमुख एसपी स्वर्ण प्रभातको निर्देशनमा नगर थाना क्षेत्रबाट प्राप्त गोप्य सूचनाका आधारमा अनुमण्डल प्रहरी पदाधिकारी सदरको नेतृत्वमा विशेष प्रहरी टोली परिचालन गरिएको थियो।

प्रहरी टोलीले तत्काल कारबाही गर्दै मोतिहारी सदर अस्पताल चोकबाट नवजात शिशुको खरिद-बिक्रीमा संलग्न रहेको आरोपमा पाँच जनालाई पक्राउ गरेको जनाएको छ । उनीहरूको साथबाट भारतीय रुपैयाँ १ लाख ५० हजार समेत बरामद भएको प्रहरीको भनाइ छ।

पक्राउ पर्नेमा पूर्वी चम्पारणको हरसिद्धि थाना क्षेत्रका प्रमोद सहनी र उनकी श्रीमती इन्दु देवी, नगर थाना क्षेत्र बलुवा गोपालपुरकी तान्या खातुन उर्फ कुरैशा खातुन, घोडासहन थाना क्षेत्र बगहाकी शोभा सिंह र लैन बसवरियाकी चिन्ता देवी रहेका छन्।

प्रहरीका अनुसार घटनामा नवजात शिशुको खरिद-बिक्रीसम्बन्धी गतिविधि भएको आशंका गरिएको छ। पक्राउ परेका पाँचै जनालाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको छ।

नवजात शिशुको खरिद-बिक्रीमा अन्य व्यक्ति वा समूहको समेत संलग्नता रहे/नरहेको विषयमा अनुसन्धान अघि बढाएको मोतीहारी प्रहरीले जनाएको छ।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# चिकित्सा–कानुनी प्रणालीमा सुधारको फैसला

यौनजन्य अपराधजस्तो संवेदनशील मुद्दामा गलत स्वास्थ्य परीक्षण प्रतिवेदन तयार पारेको ठहर गर्दै जनकपुरधामका चिकित्सकद्वय डा. विजयकुमार सिंह र डा. रम्भा गोइतलाई उच्च अदालत जनकपुरधामले कैद तथा जरिवानाको फैसला गर्नु गम्भीर र अर्थपूर्ण न्यायिक निर्णय हो । आठ वर्षअघि धनुषाको जनकनन्दनी गाउँपालिका-२ खजुरीकी १२ वर्षीया बालिकामाथि भएको बलात्कार घटनामा चिकित्सकद्वयले तयार पारेको प्रतिवेदनमा बलात्कारका कुनै लक्षण नदेखिएको उल्लेख गरिएको थियो। तर, पुनः गरिएको स्वास्थ्य परीक्षणले बलात्कार भएको देखाएपछि पहिलो प्रतिवेदनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठेको थियो। विशेष अदालतले चिकित्सकद्वयलाई जनही ६ महिना कैद र २५ हजार रुपैयाँ जरिवाना गरेकोमा उच्च अदालतले त्यसलाई उल्ट्याउँदै जनही तीन महिना कैद र २० हजार रुपैयाँ जरिवाना कायम गरेको छ। सजायको मात्रा घटे पनि अदालतको निर्णयले चिकित्सा-कानुनी परीक्षण र त्यसबाट तयार हुने प्रतिवेदनको विश्वसनीयतालाई न्यायिक प्रक्रियाको अभिन्न अंगका रूपमा स्थापित गरेको छ । यौन हिंसाका पीडितका लागि मेडिकल रिपोर्ट केवल स्वास्थ्यसम्बन्धी कागजात नभइ न्याय प्राप्तिको महत्वपूर्ण प्रमाण पनि हो । त्यसैले चिकित्सकको एउटा गलत, लापरवाह वा गैरजिम्मेवार प्रतिवेदनले पीडितलाई न्यायबाट वञ्चित मात्र नगरी समग्र फौजदारी न्याय प्रणालीप्रतिको विश्वाससमेत कमजोर पार्न सक्छ। विशेषतः बाल यौन हिंसाका घटनामा यस्तो लापरबाहीको सामाजिक र मनोवैज्ञानिक प्रभाव अझ गम्भीर हुन्छ । यस फैसलाको अर्को महत्वपूर्ण पक्ष अदालतले मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगलाई दिएको सुधारात्मक निर्देशन हो। चिकित्सा-कानुनी परीक्षणलाई संस्थागत बनाउने, फोरेन्सिक मेडिसिनको शिक्षा र विशेषज्ञ जनशक्ति विकास गर्ने, आवश्यक तालिम तथा संरचना निर्माण गर्ने र परीक्षण, प्रमाण संकलन तथा प्रतिवेदनका लागि स्पष्ट मापदण्ड र प्रोटोकल बनाउने निर्देशन समयसापेक्ष छ। अब चुनौती फैसला कार्यान्वयनमा छ। अदालतका निर्देशन कागजमै सीमित नराखी राज्यले आवश्यक कानुनी, संस्थागत, आर्थिक र प्राविधिक व्यवस्था गर्नुपर्छ। पीडितको गरिमा, सूचित सहमति र वैज्ञानिक विधिलाई केन्द्रमा राखेर चिकित्सा-कानुनी प्रणाली सुधार्न सके मात्र यस्ता घटनामा न्यायिक प्रमाणको विश्वसनीयता कायम हुनेछ। पीडितले लामो समय पछि केही हदसम्म न्याय पाए पनि यसको कार्यान्वयन भने महत्वपूर्ण हुन्छ। किनभने अहिले मधेश प्रदेशसहित देशव्यापी रुपमा बालिकामाथिको यौन हिंसाका घटना क्रमबद्ध रुपमा बढ्दै गएको छ । त्यसैले पनि अबको दिनमा कुनै पनि चिकित्सकले बलात्कार जस्तो जघन्य अपराध होस् वा न्याय प्राप्तिको जुनकुनै मुद्दामा पनि चिकित्सकले लापरवाही र आर्थिक प्रलोभनमा नपरी इमान्दारीपूर्वक आफ्नो कामकारबाही गर्नतर्फ तत्पर रहनु जरुरी छ। अन्ततः यो फैसला दुई चिकित्सकलाई सजाय सुनाउने विषयमा मात्र सीमित छैन । यसले चिकित्सा पेशाको नैतिक जिम्मेवारी, न्याय प्रणालीको विश्वसनीयता र पीडितको न्यायको अधिकारबीचको गहिरो सम्बन्ध उजागर गरेको छ । अब सम्बन्धित निकायले यसलाई सुधारको अवसरका रूपमा ग्रहण गर्नु आवश्यक छ ।

# डेढ खर्बको खाजाको अर्थतन्त्र, राज्यको नजरमा 'छुटपुट नास्ता'



पुरुषोत्तम रिजाल

हामी नेपालीहरूको खानपान संस्कृति र उपभोग शैलीमा पछिल्लो एक दशकयता अभूतपूर्व परिवर्तन आएको छ। परम्परागत पारिवारिक भान्साको परिधिबाट बाहिर निस्किएर चमेना (स्न्याक्स) अहिले सहरी तथा ग्रामीण दुवै अर्थतन्त्रको बलियो स्तम्भ बनेको छ ।

बिहानको मकै, भटमास र कटुसदेखि बेलुकाको मःम, पास्ता, बेकरी, फ्रोजन स्न्याक्स र मल्टिप्लेक्सको पपकर्न-नाचोजसम्म आइपुग्दा नेपालमा खाजा भोक मेटाउने साधन मात्र रहेन, यो जीवनशैली, मनोरञ्जन, गिग इकोनोमी र औद्योगिक उत्पादनको मुख्य अंग बनेको छ ।

यद्यपि, वार्षिक १.५ खर्ब रूपैयाँभन्दा बढीको यो विशाल अर्थतन्त्रलाई राज्य र नोकरशाहीले अझै पनि 'छुटपुट खाजा-नास्ता' का रूपमा मात्र हेर्ने संकुचित दृष्टिकोण राखेको छ ।

एकातिर बहुराष्ट्रिय फुड चेनहरूको तीव्र प्रवेश र आधुनिक स्न्याक्सको दबदबाले हाम्रा रैथाने परिकारहरू लोपोन्मुख हुने जोखिममा छन् भने, अर्कातिर झन्झटिलो आयात नीति, सरकारी निकायहरूको त्रास र खाद्य उद्योगीमाथि लगाइने फौजदारी अभियोजनले स्वदेशी लगानी नै सखाप हुने अवस्था सिर्जना भएको छ ।

नेपाली खाजा स्न्याक्स बजारमा असंगठित क्षेत्रको ठूलो उपस्थिति रहेकाले यसको शतप्रतिशत आधिकारिक तथ्यांक पाउन कठिन छ। तर औद्योगिक अध्ययन, भन्सार तथ्यांक र खपतको आधारमा नेपाली चमेना बजारलाई मुख्य चार भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

नेपालको फास्ट मुभिङ कन्ज्युमर गुड्स क्षेत्रमा चाउचाउ, भुजिया, दालमोठ, आलु चिप्स, कुर्कुरे र प्याकेज्ड स्न्याक्सको बजार सबैभन्दा तीव्र गतिमा बढेको छ। स्वदेशी चाउचाउ उद्योगले नेपाललाई आत्मनिर्भर बनाउनुका साथै वैदेशिक रोजगारीमा गएका नेपाली र दक्षिण एसियाली बजारमा निर्यातको ढोका समेत खोलेको छ। रेस्टुरेन्ट, फास्टफुड, बेकरी र फ्रोजन स्न्याक्स (वार्षिक ६० अर्बदेखि ७० अर्ब रूपैयाँभन्दा बढी )

मःम, पास्ता, बर्गर, पिज्जाका साथै आधुनिक क्याफे र बेकरी संस्कृतिले सहरी बजार कब्जा गरेको छ। यसमा पछिल्लो समय फ्रोजन स्न्याक्सको बजार ह्वात्तै बढेको छ। फ्रोजन मःम, किमा, फ्रेन्च फ्राइज, ससेज, नगेट्स, फ्रोजन पराठाहरूले रेस्टुरेन्टको सञ्चालन लागत घटाएका छन् । व्यस्त सहरिया घरपरिवारका लागि खाना पकाउने समय बचत गरिदिएका छन् ।

त्यसैगरी, पाउरोटी, केक, पेस्ट्री, बिस्कुट जस्ता बेकरी उद्योगले नेपालभर दैनिक लाखौं उपभोक्तालाई ताजा खाजा पुऱ्याउँदै ठूलो परिमाणमा मैदा, चिनी, मखन र जनशक्ति खपत गरिरहेको छ।

सडक सञ्जालको विस्तारसँगै नेपालीहरूमा यात्रा गर्ने र सप्ताहान्त मनाउने संस्कृति बढेको छ। सडक किनारका साना खाजाघरदेखि मल्टिप्लेक्स सिनेमा हल, सांगीतिक कन्सर्ट र स्पोर्ट्स स्टेडियमसम्म पपकर्न, नाचोज र सफ्ट ड्रिंक्सको खपत बहुगुणित भएको छ।

मल्टिप्लेक्स सिनेमा हलहरूको कुल आम्दानीको उल्लेख्य हिस्सा फिल्मको टिकटबाट भन्दा 'फुड एन्ड बेभरेज' बिक्रीबाट हुन थालेको छ ।

चटपटे, पानीपुरी, सेकुवा, चिया-समोसा र सडक किनाराका खाजा पसलहरू पूर्ण रूपमा असंगठित र नगदमा आधारित भए पनि यसले दैनिक लाखौं न्यून आय भएका नागरिक र विद्यार्थीलाई सस्तो खाजा उपलब्ध गराएको छ । अनि हजारौंलाई तत्काल रोजगारी दिएको छ।

नेपालमा चमेना उद्योग यसरी विशाल हुनुमा केवल जनसंख्या कारण छैन, यसका पछाडि गम्भीर सामाजिक-आर्थिक परिवर्तनहरू जिम्मेवार छन् ।

सहरीकरण र डेमोग्राफिक परिवर्तन, कामकाजी महिलाहरूको संख्यामा वृद्धि, एकल परिवार र व्यस्त सहरी जीवनशैलीका कारण घरमा परम्परागत शैलीमा घण्टौं लगाएर खाजा पकाउने समय घट्दै गएको छ। यसले 'रेडी-टु-इट' र 'रेडी-टु-कुक' खाजाको माग बढाएको छ।

गिग इकोनोमी र डिजिटल प्लेटफर्म– पठाओ, फुडमान्डु, इनड्राइभ र फुडगन्ज जस्ता फुड डेलिभरी र राइड-सेयरिङ एपहरूको आगमनले सहरी अर्थतन्त्रमा क्रान्ति ल्याएको छ।

यसले ठूलो पूर्वाधार र आधुनिक किचन सेटप नभएका साना 'क्लाउड किचन' हरूलाई पनि बजारमा टिकाइराखेको छ । हजारौं युवाले राइडर र डेलिभरी एजेन्टका रूपमा लचिलो कार्यसमयमा स्वरोजगारी पाएका छन् ।

डिजिटल भुक्तानी – क्युआर कोड, फोनपे र डिजिटल वालेटको सर्वव्यापी पहुँचले सानाभन्दा साना स्ट्रिट फुड पसलदेखि ठूला मल्टिप्लेक्ससम्म पारदर्शी र सहज कारोबार सम्भव बनाएको छ।

> नेपालको चमेना उद्योग केवल खाजा-नास्ताको व्यापार होइन, यो कृषि, उद्योग, सेवा क्षेत्र, प्रविधि र रोजगारीलाई एकै ठाउँमा जोड्ने अर्थतन्त्रको बलियो संवाहक हो। बढ्दो सहरीकरण, सुगम यातायात, मल्टिप्लेक्स, कन्सर्ट र गिग इकोनोमीको विकासले यस बजारलाई झन् ठूलो र गतिशील बनाउँदै लगेको छ । राज्यले उद्यमीलाई "सम्पत्ति सिर्जनाकर्ता" को रूपमा सम्मान गर्ने संस्कृति विकास गर्नुपर्छ ।

नेपाली उपभोक्ताको खर्च गर्ने क्षमता र खानपानको रूचि बढेसँगै बहुराष्ट्रिय ब्रान्ड र भारतका स्थापित ब्रान्डहरूले नेपालमा प्रभाव जमाएका छन् ।

यसको अर्को पाटो दर्दनाक छ। हाम्रा मौलिक र पौष्टिक रैथाने खाजाहरू– सेलरोटी, अनर्सा, लाखामरी, यःमरि, पुष्टकारी, गुँदपाक, कटुस, र गुन्द्रुक-भटमास लोपोन्मुख हुने अवस्थामा पुगेका छन् । रैथाने परिकार पछाडि पर्नुका विविध कारण छन्। यसमध्ये केही प्रमुख छन् ।

मानकीकरणको अभाव – विदेशी वा व्यावसायिक ब्रान्डका उत्पादनहरूको स्वाद, आकार र गुणस्तर सधैं उस्तै हुन्छ, तर हाम्रा रैथाने खाजाहरू अझै घरेलु र असंगठित उत्पादनमा मात्र सीमित छन् ।

शेल्फ लाइफ र प्याकेजिङ – आधुनिक स्न्याक्सलाई महिनौंसम्म बिग्रिन नदिने प्रविधि र आकर्षक प्याकेजिङ छ तर हाम्रा सेलरोटी वा अनर्सालाई २-३ दिनभन्दा बढी ताजा राख्न पर्याप्त रिसर्च एण्ड डेभलपमेन्ट र प्रविधिको विकास र बजारीकरण हुन सकेको छैन। सांस्कृतिक परिचयको संकुचन – रैथाने खाजालाई चाडपर्व वा पूजाआजामा मात्र सीमित गरियो, जसले गर्दा नयाँ पुस्ताको दैनिक जीवनशैलीसँग यी परिकारहरू जोडिन सकेनन् ।

डेढ खर्ब रूपैयाँभन्दा बढीको बजार ओगटेको यो उद्योगलाई राज्यको तर्फबाट प्रोत्साहन हुनुको साटो पाइलैपिच्छे नियन्त्रण र सास्ती दिने काम भइरहेको छ ।

कच्चा पदार्थमा परनिर्भरता र आयातमा बन्देज– नेपाली दालमोठ, भुजिया, चाउचाउ र बेकरी उद्योगका लागि चाहिने मुख्य कच्चा पदार्थहरू – बदाम, मकै, गहुँ, भटमास, मैदा, मुंग, चना र केराउ आदिको स्वदेशी उत्पादन नगण्य छ। तर वाणिज्य विभागले केराउ आयातमा एक्कासि लगाउने अस्वाभाविक बन्देज वा कोटा प्रणालीले स्वदेशी उद्योगहरू कच्चा पदार्थको अभावमा बन्द हुने अवस्थामा पुग्छन् ।

क्वारेन्टाइन र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको अकस्मात परिवर्तन हुने जाँच परीक्षण मापदण्ड र प्रावधानहरू– भन्सार नाकामा विषादी, भाइरस परीक्षण नियन्त्रणका नाममा आयात अनुमति मा आकस्मिक कडाइ एवं क्वारेन्टाइन र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा पर्याप्त जनशक्ति, उच्च प्रविधि अभावका कारण औद्योगिक कच्चा पदार्थ बोकेका गाडीहरू हप्तौंसम्म नाकामै रोकिन्छन् ।

परीक्षणका नाममा हुने ढिलाइले डेमरेज र डिटेन्सन शुल्क बढाउँछ। अन्ततः उत्पादन लागत बढाएर स्वदेशी उद्योगलाई विदेशी उत्पादनको तुलनामा निरिह प्रतिस्पर्धी बन्न बाध्य बनाउँछ । किसान र उद्योगबीचको कडी टुट्नु–कृषि मन्त्रालयले स्वदेशी कृषकलाई मकै, भटमास वा चना, केराउ,बदाम उत्पादनमा न त सहुलियत दिन सकेको छ न कुनै उत्प्रेरणा का कार्यक्रम दिन सकेको छै। उद्योगका लागि आवश्यक कच्चा पदार्थ तर जसको स्वदेशमा उत्पादन नै छैन, भए पनि २ महिनाको माग समेत धान्न सक्दैन भन्ने थाहा भए उद्योग मन्त्रालयले ती वस्तुको निरन्तर आपूर्ति सुनिश्चित गर्न सकेको छैन ।

खाद्य उद्योगीमाथि फौजदारी अभियोजन, मिडिया आतंक र सामाजिक दृष्टिकोण– नेपाली उद्यमशीलताको सबैभन्दा ठूलो अभिशाप भनेको लगानीकर्तालाई हेर्ने नकारात्मक सामाजिक र कानुनी दृष्टिकोण हो ।

सामान्य व्यावसायिक त्रुटिमा फौजदारी अभियोजन– खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ जसमा समयसापेक्ष व्यावहारिक संशोधन अभाव छ जसले प्राविधिक त्रुटि, लेबल सम्बन्धी सानो भूल वा भण्डारणको कमजोरीलाई पनि ज्यान मारे सरहको आपराधिक कसुर मानेर उद्योगीलाई सिधै थुन्ने र फौजदारी मुद्दा चलाउने प्रावधान राखेको छ ।

नियतवश विषादी मिसाउने अपराधी र अञ्जानमा प्राविधिक गल्ती हुन पुगेका उद्योगीबीच कानुनी भिन्नता र सो सम्बन्धी स्पष्टता छुट्ट्याइएको छैन ।

मिडिया आतंक – प्रयोगशालाको अन्तिम र आधिकारिक रिपोर्ट नआउँदै, अनुगमन टोलीले सस्तो लोकप्रियताका लागि युट्युब र पत्रकार लिएर उद्योगमा अनुगमनको आतंक खडा गर्ने, मिडिया र सामाजिक सञ्जालमा उद्योगको नाम सार्वजनिक गरिदिने परिपाटी बसेको छ। यसले गर्दा वर्षौंको मेहनत र अर्बौंको लगानीमा बनेको ब्रान्ड इमेज एकै दिनमा ध्वस्त हुन्छ ।

उद्यमीलाई 'माफिया' ठान्ने मानसिकता– स्वदेशमै लगानी गरेर हजारौंलाई रोजगारी दिने र राज्यलाई कर तिर्ने उद्यमीलाई समाज र प्रशासनले 'शोषक' वा 'माफिया' को रूपमा चित्रण गर्छ। यसै नीतिका कारण नयाँ पुस्ताका उद्यमीहरू स्वदेशमा उत्पादनमूलक उद्योग खोल्न छाडेर व्यापार वा विदेश पलायनतर्फ आकर्षित भइरहेका छन् ।

नेपालको चमेना उद्योगलाई थप उचाइमा पुऱ्याउन, स्वदेशी लगानी जोगाउन र रैथाने खाजालाई विश्वव्यापी बनाउन तत्काल निम्न कदमहरू चाल्नु अनिवार्य छ।

खाद्य ऐन २०८१ का अव्यावहारिक दण्ड प्रावधान तत्काल संशोधन गरी प्राविधिक त्रुटि र आपराधिक नियतबीच स्पष्ट विभाजन गरिनुपर्छ। लेबल नमिलेको वा भण्डारणमा समस्या देखिएको खण्डमा आर्थिक जरिवाना, उत्पादन रोक्का वा सुधार्ने मौका दिने व्यवस्था हुनुपर्छ। उद्योगीलाई थुन्ने फौजदारी अभियोजन हटाइनुपर्छ ।

भन्सार नाकाहरूमा आधुनिक र द्रुत गतिको परीक्षण प्रयोगशाला स्थापना गरी २४ घण्टाभित्र क्वारेन्टाइन र खाद्य परीक्षणको रिपोर्ट आउने व्यवस्था गरिनुपर्छ।

प्रविधि र सेल्फ लाइफ– नेपालका कृषि तथा खाद्य अनुसन्धान परिषद र विश्वविद्यालयहरूले रैथाने खाजा (सेलरोटी, अनर्सा, लाखामरी, गुँदपाकको सेल्फ लाइफ बढाउने, भ्याकुम प्याकेजिङ गर्ने र गुणस्तर मानकीकरण गर्ने प्रविधि विकास गर्नुपर्छ ।

क्याफे कल्चर र रैथाने परिकार को फ्युजन– रैथाने खाजालाई आधुनिक क्याफे र मल्टिप्लेक्सहरूमा पपकर्न र नाचोज जस्तै आकर्षक प्याक र स्वादमा बिक्री गर्ने नीति ल्याइनुपर्छ।

फ्रोजन स्न्याक्स र बेकरी उद्योगका लागि आवश्यक पर्ने चिसो भण्डारण र ढुवानी शृंखला र भण्डारण पूर्वाधार र उपकरणमा सरकारले कर छुट र विद्युत महसुलमा सहुलियत दिनुपर्छ।

बेकरीका लागि आवश्यक कच्चा पदार्थ (मैदा, बटर, इस्ट) को गुणस्तर नियन्त्रण र आन्तरिक उत्पादनलाई प्रोत्साहन गरिनुपर्छ ।

दालमोठ, भुजिया र चिप्स उद्योगलाई चाहिने परिष्कृत जातका आलु, मकै, भटमास, बदाम, चना, मुंग र केराउको उत्पादनका लागि किसान र उद्योगीबीच सिधा 'कन्ट्र्याक्ट फार्मिङ' गराउने कानुनी ढाँचा तयार गरिनुपर्छ ।

यसले किसानलाई निश्चित बजार र मूल्यको ग्यारेन्टी दिन्छ भने उद्योगलाई कच्चा पदार्थको आयातमा निर्भर हुनुपर्ने बाध्यताबाट मुक्त गराउँछ।

राज्यलाई मात्र दोष नदिई खाद्य तथा चमेना उद्योगीहरूले आफ्नो व्यवसाय मर्यादित बनाउन र आफ्ना उत्पादनलाई अन्तर्राष्ट्रिय मापदण्डमा खरो उतार्न निम्न कदमहरू चाल्नुपर्छ ।

प्रविधि र सरसफाइ– उत्पादनमा मानिसको प्रत्यक्ष स्पर्श घटाउन स्वचालित मेसिन, भ्याकुम/नाइट्रोजन प्याकेजिङ र कडा पेस्ट-कन्ट्रोल कायम गर्ने ।

पारदर्शिता र नैतिकता – पोषणतत्व, ऊपभोग्य म्याद र एलर्जी गराउने तत्वको सत्य लेबलिङ गर्ने; अखाद्य रङ वा गुणस्तरहीन तेलको प्रयोग र अस्वस्थ प्रतिस्पर्धा पूर्ण रूपमा रोक्ने।

जनशक्ति तालिम – कामदारहरूलाई व्यक्तिगत सरसफाइ र खाद्य सुरक्षाको नियमित तालिम दिने।

अनुगमनका क्रममा अन्तिम कानुनी पुष्टि नभएसम्म ब्रान्डको नाम सार्वजनिक गरेर 'ट्रायल बाई मिडिया' गर्दा जनमानसमा पर्न सक्ने भ्रम र उद्यमशिलतामा कस्तो नकारात्मक असर पुग्न जान्छ भन्ने कुरा गम्भीरतापूर्वक र विवेकशील ढंगले सोच्नु जरूरी हुन्छ ।

नेपालको चमेना उद्योग केवल खाजा-नास्ताको व्यापार होइन, यो कृषि, उद्योग, सेवा क्षेत्र, प्रविधि र रोजगारीलाई एकै ठाउँमा जोड्ने अर्थतन्त्रको बलियो संवाहक हो। बढ्दो सहरीकरण, सुगम यातायात, मल्टिप्लेक्स, कन्सर्ट र गिग इकोनोमीको विकासले यस बजारलाई झन् ठूलो र गतिशील बनाउँदै लगेको छ । राज्यले उद्यमीलाई 'सम्पत्ति सिर्जनाकर्ता' को रूपमा सम्मान गर्ने संस्कृति विकास गर्नुपर्छ ।

यदि राज्यले यस उद्योगलाई शंकाको दृष्टिले हेर्ने पुराना कानुन र नोकरशाही तगारोहरू हटाएर उत्पादनमैत्री र उद्योगीमैत्री वातावरण सिर्जना गर्छ भने, यसले आयात प्रतिस्थापन मात्र गर्दैन, नेपाली रैथाने स्वादलाई विश्व बजारमा पुऱ्याएर विदेशी मुद्रा आर्जनको नयाँ ढोका समेत खोल्नेछ। समयमै नीतिगत चेत खुलोस्, उद्यमी जोगाउनु नै अर्थतन्त्र जोगाउनु हो। यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ।

# नेपालको रेमिट्यान्समुखी अर्थतन्त्रको जोखिम, चुनौतीहरू र दिगो अर्थतन्त्रका लागि भावी रणनीति



जनक शाह

नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा वैदेशिक रोजगारी र त्यसबाट प्राप्त हुने विप्रेषण (रेमिट्यान्स) एक बाध्यकारी सूचकको रुपमा रहेको छ। विगत दुई दशकदेखि देशको आर्थिक क्रियाकलापहरू, वैदेशिक मुद्राको सञ्चिति, तथा नागरिकको जीवनस्तर सुधारमा विप्रेषणले अर्थतन्त्रमा अभूतपूर्व योगदान पुऱ्याउँदै आएको छ।

स्वदेशमा पर्याप्त रोजगारका अवसरहरूको अभाव, उद्योग-धन्दाको कमी, र राजनीतिक अस्थिरताका कारण लाखौँ नेपाली युवाहरू रोजगारीका लागि खाडी मुलुक, मलेसिया, कोरिया, तथा अन्य विकसित देशहरूमा जान बाध्य छन् । रेमिट्यान्सले नेपालको अर्थतन्त्रलाई तत्कालीन सङ्कटहरूबाट जोगाउने र गरिबी निवारणमा ठुलो सहयोग पुऱ्याएको भए तापनि, हाम्रो नियन्त्रण भन्दा बाहिरको एउटै बाह्य स्रोतमा सम्पूर्ण अर्थतन्त्र निर्भर रहनु नेपालको अर्थतन्त्रको लागि दीर्घकालीनरूपमा अत्यन्त जोखिमपूर्ण अवस्था मान्न सकिन्छ। नेपालको रेमिट्यान्समुखी अर्थतन्त्रमा उत्पन्न हुने नकारात्मक पक्षहरू, र यसले सिर्जना गर्ने दीर्घकालीन चुनौतीहरूको सामना कसरी गर्ने भन्नेबारे बेलैमा सोचेर अघि बढ्न सकिएन भने अर्थतन्त्रले एकै पटक ठुलो सङ्कट बेहोर्नु पर्ने हुन्छ।

तथ्याङ्क अनुसार नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको प्रभुत्व स्पष्ट देखिन्छ। नेपालको कुल गार्हस्थ्य उत्पादनमा रेमिट्यान्सको हिस्सा औसत २५ देखि ३० प्रतिशतको हाराहारीमा रहने गरेको छ। हाम्रो अर्थतन्त्र विश्वमै कुल गार्हस्थ्य उत्पादनको तुलनामा बढी रेमिट्यान्स भित्र्याउने प्रमुख मुलुकहरूको सूचीमा पर्छ।

पछिल्ला आर्थिक वर्षहरूमा वार्षिक १४ खर्बदेखि १६ खर्ब रुपैयाँभन्दा बढी विप्रेषण नेपाल भित्रिने गरेको छ। यो रकम नेपाल सरकारको वार्षिक बजेटको आकारसँग लगभग बराबरी रहेको छ। मुलुकमा भित्रिने कुल विदेशी मुद्राको करिब ६५ देखि ८० प्रतिशत हिस्सा वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्सले नै ओगटेको छ।

यसैका कारण नेपालले आयातका लागि आवश्यक पर्ने विदेशी मुद्रा व्यवस्थापन गर्न सकेको छ। अध्ययनहरूका अनुसार नेपाल भित्रिने रेमिट्यान्सको करिब ७५ देखि ८० प्रतिशतभन्दा बढी रकम दैनिक उपभोग (खाद्यान्न, लत्ताकपडा), शिक्षा, स्वास्थ्य, र पुराना ऋण चुक्तामा खर्च हुने गरेको छ भने केवल २ देखि ३ प्रतिशत रकम मात्र पुँजी निर्माण वा उत्पादनमूलक क्षेत्रमा लगानी हुने गरेको पाइन्छ।

तथापि नेपालको अर्थतन्त्रमा रेमिट्यान्सले सकारात्मक योगदान पुऱ्याएको छ। नेपालको सामाजिक-आर्थिक ढाँचामा रेमिट्यान्सले थुप्रै सकारात्मक परिवर्तनहरू ल्याएको मान्न सकिन्छ। जस्तैः

- शोधान्तर सन्तुलन र बाह्य क्षेत्र स्थायित्वः नेपालको व्यापार घाटा अत्यधिक छ। हामीले गर्ने निर्यातको तुलनामा आयात कैयौँ गुणा बढी छ। यसरी सिर्जना हुने विशाल व्यापार घाटालाई भरथेग गर्ने र देशको सोधनान्तर स्थितिलाई बचतमा राख्ने मुख्य आधार नै विप्रेषण बन्न पुगेको छ।

- सरकारी राजस्वमा वृद्धिः रेमिट्यान्सले नागरिकको उपभोग गर्ने क्षमता बढाएको छ। आयातमुखी अर्थतन्त्रको विस्तार भए तापनि आयातित वस्तुहरूको उपभोग बढ्दा सरकारले भन्सार बिन्दुमै ठुलो परिमाणमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर सङ्कलन गरेको अवस्था छ।

- गरिबी निवारण र जनताको जीवनस्तरमा सुधारः सन् १९९० को दशकमा नेपालमा गरिबीको दर ४२ प्रतिशतको हाराहारीमा रहेकोमा हाल यो उल्लेख्य रूपमा घटेर १६ प्रतिशतभन्दा तल झरेको अवस्था छ। ग्रामीण भेगका सर्वसाधारणको क्रयशक्ति बढाउन, बालबालिकालाई राम्रो शिक्षा दिन र स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन रेमिट्यान्सको प्रत्यक्ष भूमिका रहेको पाईन्छ।

- वित्तीय समावेशीकरण र पहुँच विस्तारः गाउँ-गाउँसम्म रेमिट्यान्सको रकम पठाउने क्रममा बैंक तथा वित्तीय संस्थाहरूको पहुँच विस्तार भएको छ। यसले सर्वसाधारणमा वित्तीय साक्षरता र औपचारिक बैंकिङ प्रणालीको प्रयोग बढाएको छ।

सामान्यतया हेर्दा रेमिट्यान्सले हाम्रो अर्थतन्त्रलाई चलायमान बनाएको देखिए तापनि रेमिट्यान्समुखी अर्थतन्त्रका अगाडि गम्भीर जोखिम, चुनौतीहरू र संरचनात्मक खतराहरू अन्तर्निहित छन्ः

- डच डिजिजको असरः वैदेशिक रोजगारीबाट सजिलै मुद्रा भित्रिँदा आन्तरिक उत्पादनशील क्षेत्र (कृषि तथा उद्योग) उपेक्षित बनेका छन्। खेतबारी बाँझो छाड्ने र उपभोग्य वस्तुहरूको आयातमा भर पर्ने प्रवृत्ति बढेको छ। यसले गर्दा नेपालको आत्मनिर्भर बन्ने क्षमता कमजोर हुँदै गएको छ।

- बाह्य जोखिम र अनिश्चितताः नेपालको अर्थतन्त्र श्रम गन्तव्य मुलुकहरूको आर्थिक तथा राजनीतिक अवस्थामा पूर्णतः निर्भर छ। उदाहरणका लागि, खाडी मुलुक वा मलेसियामा आउने आर्थिक मन्दी, नीतिगत परिवर्तन, वा अन्तर्राष्ट्रिय द्वन्द्वका कारण वैदेशिक रोजगारी ठप्प भएमा नेपालको अर्थतन्त्र रातारात धराशायी हुन सक्छ।

- उत्पादक जनशक्तिको पलायनः देशका ऊर्जावान्, शिक्षित र ऊर्जाशील युवाहरू दैनिक हजारौँको संख्यामा बाहिरिँदा स्वदेशमा विकास निर्माणका काम, कृषि, र साना उद्योगहरूका लागि आवश्यक पर्ने दक्ष तथा अदक्ष जनशक्तिको चरम अभाव सिर्जना भएको छ।

- सामाजिक मूल्य र पारिवारिक विघटनः वैदेशिक रोजगारीले आर्थिक राहत दिए पनि यसका सामाजिक मूल्यहरू निकै भारी छन्। पारिवारिक विखण्डन, वृद्ध-वृद्धा र बालबालिकाको हेरचाहमा कमी तथा श्रमका क्रममा अकालमा ज्यान गुमाउने र अङ्गभङ्ग हुने युवाहरूको संख्या बढ्दो छ।

यस कारण नेपालले रेमिट्यान्सलाई सधैँका लागि अर्थतन्त्रको मुख्य आधार बनाउन सक्दैन। यसलाई केवल एउटा सङ्क्रमणकालीन सहाराका रूपमा लिएर आन्तरिक अर्थतन्त्रलाई बलियो बनाउनेतर्फ अघि बढ्नुपर्छ। दिगो अर्थतन्त्रका लागि भावी रणनीति तय गर्दै निम्न कदमहरू चाल्नु आवश्यक छः

- रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा मोड्नेः भित्रिएको रकमलाई केवल उपभोगमा सीमित हुन नदिई जलविद्युत्, पूर्वाधार, साना तथा मझौला उद्योग, र पर्यटन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति ल्याउनुपर्छ। यसका लागि विशेष ऋणपत्र हरूलाई प्रभावकारी बनाउन सकिन्छ।

- विदेशमा अर्जित सीप र पुँजीको स्वदेशमा प्रयोगः वैदेशिक रोजगारीबाट फर्केका युवाहरूसँग सीप, कार्यसंस्कृति र केही पुँजी हुन्छ। उनीहरूलाई स्वदेशमै उद्यमशीलतामा जोड्न बिनाधितो सहुलियतपूर्ण कर्जा, कर छुट, र प्रविधि हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ।

- आन्तरिक रोजगारी सिर्जना र औद्योगिकीकरणः कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्दै देशभित्रै कृषिमा आधारित उद्योगहरू स्थापना गर्नुपर्छ। जलविद्युत् उत्पादन बढाएर देशभित्रै सस्तो ऊर्जा उपलब्ध गराइ उत्पादनमूलक उद्योगहरूको लागत घटाउन सकिन्छ।

- वैदेशिक रोजगारीको गुणस्तर सुधारः जबसम्म स्वदेशमा पर्याप्त रोजगारी सिर्जना हुँदैन, तबसम्म अदक्ष श्रम पठाउनुको सट्टा उच्च सीपयुक्त जनशक्ति पठाउने व्यवस्था मिलाउनुपर्छ। यसले गर्दा कम संख्यामा युवाहरू जाँदा पनि बढी रेमिट्यान्स भित्र्याउन सकिन्छ।

निष्कर्षमा के भन्न सकिन्छ भने रेमिट्यान्स नेपालको अर्थतन्त्रका लागि आर्थिक दुर्घटनाहरूबाट जोगाउने एक तत्कालीन संकटमोचक साधन भए तापनि, यसैमा पूर्ण निर्भर रहनु भनेको "बालुवाको जगमा महल बनाउनु" सरह हो। रेमिट्यान्सबाट प्राप्त रकमलाई देशभित्रै पुँजी निर्माण, पूर्वाधार विकास, र आन्तरिक उत्पादन वृद्धिमा प्रयोग नगर्ने हो भने भविष्यमा यसले ठुलो आर्थिक संकट निम्त्याउन सक्छ।

त्यसैले, रेमिट्यान्सलाई दीर्घकालीन लक्ष्य नबनाई आन्तरिक रूपमा बलियो र आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फको प्रस्थानविन्दु बनाउनु नै नेपालको दीर्घकालीन हितमा हुनेछ। यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ।

# रास्वपा विधानबाट संसदीय दलको नेता पदमुक्तसम्बन्धी व्यवस्था नहट्ने

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) संसदीय दलको विधान संशोधन कार्यदलले बनाएको उपसमितिले भोलिसम्म मस्यौदा प्रतिवेदन बुझाउने तयारी भएको छ।

भदौ ३ गते बसेको संसदीय दलको बैठकले मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा 'रास्वपा संसदीय दलको विधान संशोधन कार्यदल-२०८३' गठन गरेको थियो।



कार्यदल सदस्यमा सचेतक प्रकाशचन्द्र परियार, क्रान्तिशिखा धिताल, सांसदहरू गणेश कार्की, सुलभ खरेल, गजला समिम मिकरानी, मोहनलाल आचार्य, कामिनी चौधरी, पुकार बम, डा. राम लामा, टीका संग्रौला, शिवजी यादव, पुष्पा चौधरी, समिना मियाँ, स्मृति सेन्चुरी र पारशमणि गेलाल सदस्य रहेका छन्।

भदौ ४ गते बसेको कार्यदलको पहिलो बैठकले सचेतक प्रकाशचन्द्र परियारको संयोजकत्वमा चार सदस्यीय उपसमिति गठन गरेको थियो। समितिमा गजला समिम मिकरानी, मोहनलाल आचार्य र पुकार बम सदस्य रहेका छन्। उपसमितिलाई पार्टीको विधान बमोजिम सांसदबाट आएका सुझावलाई समेटेर मस्यौदा पेस गर्न निर्देशन दिएको बुर्लाकोटीले जानकारी दिए।

'सांसदहरूको सुझाव समेटेर पार्टीको विधान बमोजिम मस्यौदा पेश गर्न उपसमितिलाई भोलिसम्मको समय सिमा दिएको छ। समितिले प्रतिवेदन बुझाएपछि कार्यदलको बैठक बसेर संशोधित विधानलाई अन्तिमरूप दिन्छौं', बुर्लाकोटीले भने।

असार(७-१२) गते चितवनमा सम्पन्न रास्वपाको पहिलो महाधिवेशनले 'राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०८३' अनुमोदन गरेको थियो। तर, महाधिवेशनमा पेश भएको मस्यौदाविपरीत महामन्त्री विपिन कुमार आचार्यले सभापति रवि लामिछानेलाई अनुकुल हुनेगरी विधान संशोधन गरेको आरोप वरिष्ठ नेता बालेन्द्र साह पक्षधरले लगाएको थियो। साउन १३ गते बसेको पार्टीको केन्द्रीय समिति बैठकमा गणेश कार्की, डा. तोसिमा कार्की लगायत नेताहरूले महाधिवेशनको वैधानिकता र विधान संशोधनप्रति प्रश्न उठाएका थिए।

बैठकमा गणेशले महाधिवेशनमा भएका त्रुटि सच्याउन छानबिन समिति गठन गर्नुपर्ने माग गरेपनि सभापति रविले अस्वीकार गरेका थिए। तर कार्यदलले पार्टीको विधानमा भएको व्यवस्था संशोधन नगर्ने मुख्य सचेतक बुर्लाकोटीले स्पष्ट पारे।

'संसदीय दललाई पार्टीको विधानबमोजिम बनाउने गरी संशोधन गर्न खोजिएको हो। पार्टी विधान संशोधन गर्न खोजिएको होइन,' बुर्लाकोटीले भने, 'खासगरी सांसदलाई अनुशासनमा बाँध्न आचार संहिताको विषय हाइलाइट गर्न खोजिएको हो। पार्टी विधान र संसदीय दलको विधानलाई सिलसिलेबर बनाउने, भाषगत त्रुटि सच्याउने काम हुन्छ।'

यद्यपि पार्टी विधानको ११(क) को (अ) को ३ र संसदीय दलको विधान ६८(ङ) मा भएको व्यवस्था संशोधन नहुने बुर्लाकोटीको भनाइ छ। पार्टी विधानको ११ (क) (अ) को ३ मा सभापतिको निर्देशन संसदीय दलको नेताले मान्नुपर्ने व्यवस्था छ। संसदीय दलको विधान ६८ (ङ) मा सभापतिले दिएको निर्देशन दलको नेताले नमानेमा पदमुक्त हुने व्यवस्था छ। बुर्लाकोटीका अनुसार यी प्रावधान संशोधन गर्ने अख्तियार कार्यदललाई दिइएको छैन।

'अघिल्लो विधानमा पार्टी सभापतिबाहेक अन्य व्यक्ति संसदीय दलको नेता बन्नै नसक्ने अवस्था थियो। त्यसलाई हामीले संशोधन गरिसकेका छौं। दलको नेता बन्नका लागि निर्वाचन अगावै पार्टी सदस्यले मतदान गर्नुपर्ने प्रावधान पनि हटिसकेको छ', बुर्लाकोटीले भने, 'संशोधित विधानमा पार्टी सभापतिको काम, कर्तव्य र अधिकार अन्तर्गत भएको व्यवस्था संसदीय दलका सबैले मान्नुपर्छ। पार्टी सभापतिले दिएको निर्देशन नमान्ने भन्ने हुँदैन।'

पार्टी सभापति नै संसदीय दलको नेता बन्ने व्यवस्थाबारे विधान मौन रहेको विषयमा छुट्टै व्यवस्था नहुने बुर्लाकोटीले बताए।

बुर्लाकोटीले भने, 'पार्टी सभापतिबाहेक अन्य पनि संसदीय दलको नेता हुन सक्छन् भनेर यो प्रावधान राखिएको हो। सभापति नै संसदीय दलको नेता भएको अवस्थामा दलको नेताले हिसाबले पार्टी चलाउने होइन भन्ने हो। यसको अर्थ सभापतिको हिसाबले पार्टी चलाउने, दलको नेताको हिसाबले संसदीय दल चलाउने भन्न खोजेको हो। त्यसैले नयाँ व्यवस्था गरिराख्नु पर्दैन।'

# सञ्चारमाध्यमले नागरिकको अधिकार र सार्वजनिक हितलाई केन्द्रमा राख्नुपर्छः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले प्रविधिको तीव्र विकाससँगै सञ्चार क्षेत्र रूपान्तरण भइरहे पनि अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, नागरिकको सूचनाको अधिकार र सार्वजनिक हितलाई सञ्चार प्रणालीको केन्द्रमा राख्नुपर्ने बताउनुभएको छ।

सार्वजनिक सेवा प्रसारण संस्था नेपाल र सामुदायिक रेडियो प्रसारक संघको आयोजनामा आजदेखि काठमाण्डुमा सुरु भएको 'एसिया प्यासिफिक इन्सिच्युट फर ब्रोडकास्टिङ डेभलपमेन्ट' (एआइबिडी) को २४औँ सम्मेलनलाई सम्बोधन गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले कृत्रिम बौद्धिकता (एआई), डिजिटल प्लेटफर्म र नयाँ प्रविधिलाई आत्मसात् गर्दै सत्यतथ्यसहित विश्वसनीय समाचारमा जोड दिनुभएको हो।



उहाँले सञ्चार प्रविधि परिवर्तन भए पनि नागरिकको सूचना पाउने अधिकार, प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताजस्ता आधारभूत मूल्यमान्यता र सिद्धान्त परिवर्तन हुन नहुने धारणा व्यक्त गर्नुभयो।

उहाँले स्वतन्त्रतासँगै सञ्चार क्षेत्रको जिम्मेवारी पनि जोडिएको उल्लेख गर्दै नागरिकलाई सही, निष्पक्ष, सन्तुलित र जवाफदेही सूचना उपलब्ध गराउनु सञ्चारमाध्यमको प्रमुख दायित्व भएको स्पष्ट गर्नुभयो।

गलत सूचना र दुष्प्रचारको समाधान प्रतिबन्ध वा नियन्त्रणमा मात्र खोज्न नहुने धारणा व्यक्त गर्नुहुँदै सञ्चारमन्त्रीले बलियो पत्रकारिता, मिडिया साक्षरता, पारदर्शिता, प्रभावकारी व्यावसायिक मापदण्ड र नागरिकको विश्वास अभिवृद्धिलाई उच्चप्राथमिकता दिनुपर्ने बताउनुभयो।

सङ्कट, प्राकृतिक विपद्, सार्वजनिक स्वास्थ्यलगायतका जनचासोका सन्दर्भमा आमसञ्चारमाध्यामको भूमिका अझ महत्वपूर्ण हुने सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ थियो। त्यस्तो अवस्थामा नागरिकलाई सही सूचना उपलब्ध गराउनुका साथै समाजमा विश्वास र स्थिरता कायम गर्न जिम्मेवार सञ्चार माध्यामले योगदान पुऱ्याउने उहाँले बताउनुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले एआई, गलत सूचना र दुष्प्रचार सीमापार फैलिन सक्ने तथा जलवायु परिवर्तन र प्राकृतिक विपद्का प्रभाव पनि बहुदेशीय हुने भएकाले विभिन्न देशका ज्ञान, प्रविधि र अनुभव एकापसमा आदानप्रदान गरी लाभान्वित हुनुपर्नेमा जोड दिनुभयो।

विश्वभरका सञ्चार माध्यामले वित्तीय दिगोपना, बदलिँदो पाठक, दर्शक तथा श्रोताको व्यवहार र सञ्चार संस्थाप्रतिको घट्दो विश्वासजस्ता चुनौती सामना गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले सार्वजनिक सेवा प्रसारणका लागि चुनौती अझ गम्भीर रहेको बताउनुभयो। सार्वजनिक सेवा प्रसारणले व्यावसायिक प्रतिस्पर्धासँगै सार्वजनिक हितको जिम्मेवारीसमेत पूरा गर्नुपर्ने भएकाले यसको भूमिका विशिष्ट रहेको उहाँको भनाइ थियो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले एआई, डिजिटल प्लेटफर्म, मोबाइल कनेक्टिभिटी र स्ट्रिमिङ सेवाले सामग्री उत्पादनदेखि वितरण र दर्शकसँगको अन्तर्क्रियासम्म सञ्चारको सम्पूर्ण शृ‍ङ्खला परिवर्तन गरिरहेको बताउनुभयो। उहाँले यस्ता परिवर्तनलाई चुनौतीका रूपमा मात्र नभई ठूलो सम्भावनाका रूपमा पनि उपयोग गर्नुपर्ने धारणा राख्नुभयो।

डिजिटल प्लेटफर्ममार्फत युवा पुस्तासँग जोडिने नयाँ अवसर सिर्जना भएको उल्लेख गर्दै सार्वजनिक हितका सूचना, समाचार, शिक्षा तथा चेतनामूलक सामग्री युवाले प्रयोग गर्ने माध्यममा प्रभावकारी रूपमा पुऱ्याउनुपर्ने उहाँले बताउनुभयो।

मानवीय सम्पादकीय निर्णय, तथ्य प्रमाणीकरण, जवाफदेहिता र व्यावसायिक नैतिकतालाई आधुनिक प्रविधिले विस्थापित गर्न नसक्ने सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो। एआईले सामग्री तयार गर्न सहयोग गर्न सक्ने भए पनि त्यसको सत्यता, सन्दर्भ, सामाजिक प्रभाव र सार्वजनिक हितको अन्तिम जिम्मेवारी मानवमै रहने उहाँले स्पष्ट गर्नुभयो।

कृत्रिम रूपमा सिर्जना गरिएका सामग्री र 'डिपफेक' प्रविधिले झुटो सूचनालाई समेत वास्तविकजस्तो देखाउन सक्ने अवस्था सिर्जना भएकाले अहिले सञ्चारमाध्यमका लागि सबैभन्दा महत्वपूर्ण सम्पत्ति नागरिकको विश्वास भएको उहाँले बताउनुभयो। प्रविधिको क्षमता र पत्रकारिताको विश्वसनीयतालाई सँगसँगै अघि बढाउन सक्ने सञ्चार संस्था नै भविष्यमा सफल हुने उहाँको भनाइ थियो।

नेपाल दक्षिण एसियामा स्वतन्त्र सामुदायिक रेडियो स्थापना गर्ने पहिलो देश भएको र रेडियो सगरमाथाबाट सुरु भएको सामुदायिक रेडियोको यात्रा अहिले देशभर फैलिएको उहाँले बताउनुभयो। सामुदायिक रेडियोले हिमाल, पहाड र तराईका विभिन्न समुदायलाई जोड्नुका साथै सार्वजनिक बहसमा आउन नसकेका नागरिकका आवाजलाई समेत स्थान दिएको सञ्चारमन्त्रीको भनाइ थियो।

विपद्, सङ्कट र स्वास्थ्य आपत्कालजस्ता समयमा सामुदायिक रेडियोले स्थानीय भाषामा तत्काल र विश्वसनीय सूचना प्रवाह गर्न महत्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो। भूकम्प, बाढी, पहिरो तथा महामारीलगायतका सङ्कटमा सूचना, जनचेतना तथा उद्धार र राहतसम्बन्धी जानकारी पुऱ्याउन सामुदायिक रेडियो प्रभावकारी माध्यम बनेको उहाँले स्पष्ट गर्नुभयो।

डिजिटल रूपान्तरणको अर्थ नयाँ प्रविधि प्रयोग गर्नु मात्र नभई विश्वसनीयता, पत्रकारिताको व्यावसायिकता, तथ्य जाँच, सार्वजनिक उत्तरदायित्व र नागरिकको विश्वासलाई बलियो बनाउनु पनि भएको सञ्चारमन्त्री डा तिमिल्सिनाले उल्लेख गर्नुभयो। गलत सूचना, भ्रामक सामग्री र एआईबाट सिर्जित सामग्रीका कारण जोखिम बढिरहेका बेला सार्वजनिक सेवा प्रसारणले आफूलाई नागरिकले सही सूचना विश्वास गर्नसक्ने संस्थाका रूपमा स्थापित गर्नुपर्ने उहाँको भनाइ थियो।

सम्मेलन उद्घाटनका क्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपालको सार्वजनिक सेवा प्रसारणलाई नयाँ पुस्तासँग जोड्नुपर्नेमा पनि जोड दिनुहुँदै युवाले प्रयोग गर्ने डिजिटल माध्यममा गुणस्तरीय सामग्री उत्पादन गर्नुका साथै उनीहरूको आवाज, विचार र सिर्जनशीलतालाई सार्वजनिक प्रसारणमा समेट्नुपर्ने धारणा व्यक्त गर्नुभयो।रासस

# कूटनीतिक रिक्ततादेखि जनस्वास्थ्य र पूर्वाधारका समस्यासम्म सरकारको ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु। सांसदहरूले मुलुकको कूटनीतिक अवस्था, जनस्वास्थ्यमा देखिएका गम्भीर समस्या, भौतिक पूर्वाधारको ढिलासुस्ती र बाढी-पहिरोको जोखिम जस्ता सार्वजनिक सरोकारका विषयमा सरकारको राष्ट्रियसभाको बैठकबाट ध्यानाकर्षण गराएका छन्।



राष्ट्रिय सभाको मंगलबारको बैठकमा शून्य समयमा बोल्दै सांसदहरूले ती विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्।

सो बैठकमा बोल्दै सांसद जगत तिमल्सिनाले नेपालको परराष्ट्र नीति र कूटनीतिक प्रतिनिधित्वमा देखिएको रिक्तताप्रति प्रश्न उठाएका छन्। ३१ वैदेशिक नियोगमध्ये २१ वटामा राजदूत नहुँदा ती नियोगहरू कार्यवाहकको भरमा चलिरहेको भन्दै उनले असन्तुष्टि व्यक्त गरेका छन्।

उनले भने, 'यो केवल प्रशासनिक ढिलाइ मात्र नभई नेपालको कूटनीतिक क्षमतामाथिको खेलबाड हो। आर्थिक र डिजिटल कूटनीतिको समयमा महत्त्वपूर्ण देशहरूमा राजदूत रिक्त हुनुले वैदेशिक सम्बन्ध सरकारको प्राथमिकतामा नरहेको देखिन्छ।'

स्वास्थ्य क्षेत्रमा देखिएका समस्याका सम्बन्धमा सांसद खम्मबहादुर खातीले बाजुराको मार्तडीमा विशेषज्ञ चिकित्सकको अभाव हुँदा स्थानीय बासिन्दा स्वास्थ्य सेवाबाट विमुख हुनुपरेको बताएका छन्।

त्यस्तै, सांसद रेखाकुमारी झाले प्रादेशिक अस्पतालहरू, विशेष गरी जनकपुरको प्रादेशिक अस्पतालमा दक्ष चिकित्सकको अभाव र लापरवाहीका कारण सुत्केरी महिलाहरूको मृत्यु हुने क्रम बढेको भन्दै सरकारको ध्यानाकर्षण गराएकी छन्। सरकारी चिकित्सकहरूले निजी क्लिनिकमा बढी समय दिने गरेकाले अस्पतालको सेवा प्रभावित भएको दाबी उनले गरेकी छन्।

झापामा फैलिएको जापानी इन्सेफ्लाइटिसको प्रकोप र स्वास्थ्य मन्त्रालयको मौनताप्रति सांसद रोशनी मेचेले आपत्ति जनाएकी छन्। वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा मृत्यु भएका झापाका रमेश मेचेको शव २० दिन बितिसक्दा पनि स्वदेश ल्याउन नसकिएको भन्दै उनले कूटनीतिक पहलका लागि माग गरेकी छन्।

तराईको बाढी र डुबान समस्याका बारेमा बोल्दै सांसद धर्मेन्द्र पासवानले रौतहटको लालबकैया नदीको बाँध भत्किने जोखिममा रहेको र त्यसले १ हजारभन्दा बढी घरधुरी विस्थापित हुन सक्ने भन्दै तत्काल तटबन्ध निर्माणका लागि आग्रह गरेका छन्। उनले सर्पदंशको उपचारमा भ्याक्सिनको प्रभावकारितामाथि पनि प्रश्न उठाएका छन्।

पूर्वाधार र प्रशासनिक ढिलासुस्तीका विषयमा सांसद रञ्जित कर्णले राजविराजका ५२ हजार सुकुम्बासीलाई लालपुर्जा वितरण गर्ने सरकारको पूर्वसहमति अझै कार्यान्वयन नभएको गुनासो गरेका छन्। राजविराज-भारदह सडक खण्डको निर्माण कार्य अलपत्र परेको र गजेन्द्रनारायण सिंह अस्पतालमा स्वास्थ्य मन्त्रीको अनुगमनपछि पनि बिरामीको अवस्थामा सुधार नभएको उनले बताएका छन्।

त्यस्तै, सांसद वासुदेव घिमिरेले काठमाण्डुको एक होस्टेलमा दाङका वसन्त कालाथोकीको कुटपिटबाट भएको मृत्यु र त्यस लगत्तै उनकी आमाले गरेको आत्महत्याको घटनाबारे सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा कारबाहीको माग गरे।

# बागमतीमा एमाले, नेकपा र राप्रपाबीच ६ बुँदे सहमति



**टुडे समाचारदाता**

काठमाण्डु। बागमती प्रदेश सरकारबारे तीन दलबीच ६ बुँदे सहमति भएको छ। एमाले, नेकपा र राप्रपाबीच बागमती प्रदेश सरकार सञ्चालनबारे सहमति भएको छ।

सो सहमति पत्रमा मुख्यमन्त्री किरण थापा मगर, एमाले संसदीय दलका नेता जगन्नाथ खतिवडा, नेकपा दलका नेता शालिकराम जमरकट्टेल र राप्रपा दलका नेता उद्धव थापाले हस्ताक्षर गरेका छन्।

सहमति पत्रमा दलीय हैसियतको आधारमा साबिक ८ मन्त्रालय नबढाउने गरी भागबन्डा गर्ने, सभामुख नेकपाबाट निर्वाचित गरिने उल्लेख गरिएको छ।

सरकार सञ्चालनबारे ७ दिनभित्र न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्ने,नेकपाको नेतृत्वमा सरकार सञ्चालन संयन्त्र गठन गर्ने, मन्त्रिपरिषद्को मर्यादाक्रममा मुख्यमन्त्रीपछि नेकपा र तेस्रोमा राप्रपाको तर्फबाट रहने उल्लेख गरिएको छ।


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरका तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा)चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना।**

**(सूचना प्रकाशित मिति २०८३/०५/१० गते बुधबार जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका ऋणी नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७५/०२/१८ मा प्रा.फ.र.नं. ११२८०/१०२०/२०७४/०७५ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषाबाट मिति २०७४/०१/२९ मा करदताको नाम संजय साह कारोवार को नाम बौधि आयुर्वेद फर्मा भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०६१२०५०० दर्ता भई धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका, वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री बौधि आयुर्वेद फर्मा** (प्रो. संजय साह)ले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुंदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्तालाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/धितो सकार गरी आंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा चुक्ता नभएको हुंदा नेपाल राष्ट्र बैंकबाट क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाइँ जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना वमोजिम जानकारी गराउँदछौँ। बैंकको उल्लेखित काम कारवाहीबाट तपाई जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ।

**तपसिल**

**जमानतकर्ताको विवरणः**

**जमानतकर्ता : पिंकी साह** (ना.प्र.नं. ३९६९५१२७ जारी मिति २०६२/१२/१८, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा)।
**ठेगाना :** धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं.४ (हाल जनकपुर उपमहानगरपालिका वडा नं.४)।
**बाबु :** हरि प्रसाद साह। **ससुरा/पति :** शंकर साह तेली/संजय साह।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**



**भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा**

**हकदावि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा तपसिल बमोजिमका जग्गाधनीहरुले तपसिल बमोजिमका जग्गाको श्रेष्ता कायम गरी ज.ध. प्रमाण पुर्जाको प्रतिलिपी पाउँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा पेश गरेको दर्ता नं.१७५२ मिति २०८३/०४/२९ गतेको माग दाबी नापी कार्यालय जनकपुरधाम धनुषाको च.नं.९६ मिति २०८३/०४/१२ गतेको विवरण पठाइएको पत्र समेतको आधारमा तपसिल बमोजिमका जग्गाको जग्गाधनी दर्ता स्रेस्ता फेला नपरेकोले जग्गाधनी दर्ता स्रेस्ता कायम गर्ने प्रयोजनार्थ हकदाची सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नु भनी मिति २०८३/०५/०४ गतेको आदेशानुसार यो हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः तपसिलमा उल्लेखित जग्गाको जग्गाधनी दर्ता श्रेस्ता कायम गर्दा तपसिलमा उल्लेखित जग्गाधनीहरु बाहेक अन्य कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू वाहेक अन्य कोही व्यक्तिको हक लाग्ने जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दाबि उजुरी गर्न यस कार्यालयमा आउनु होला। सूचनाको म्याद भित्र दाबी उजूरी नपरी म्याद समाप्त भएमा कानुन बमोजिम भई जाने व्यहोरा यसै सुचनाबाट सबैमा सुचित गरिएको छ।

**तपसिल**

| जग्गाधनी | जिल्ला | गाविस | वडा नं. | सिट नं. | कि. नं. | क्षे.फ. (वर्गमिटर) |
|---|---|---|---|---|---|---|
| रामबाबु साह सुडी बतन-चक्कर-८ धनुषा<br>बाबु सत्य नारायण शाह ब्याहूत सुडी | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ७६ | १७२.०० |
| | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ७७ | १७२.०० |
| रामबाबु साह सुडी, श्याम साह, सुमेद साह, उमेश प्र., साह, प्रमोद कुमार साह र भोला साह व्याहुत सुही समेत ६ जना<br>वतन-चक्कर ८ धनुषा<br>बाबु- सत्य नारायण साह व्याहुत सुडी | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ६९ | ७७.२० |
| रामबाबु साह सुडी, श्याम साह र प्रमोद कुमार साह समेत ३ जना<br>वतन-चक्कर-८, धनुषा<br>बाबु- सत्य नारायण साह ब्याहुत सुडी | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ७० | २४५.६० |
| नदारत मियाँ<br>धबौली-८, धनुषा<br>बुवा-अघोरिया मियाँ<br>निजको मृत्यु भै हकभोग खाने पत्नि अमिना खातुन | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ७४ | ९७.६० |
| | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ८० | ५०.४० |
| | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ८१ | १३६.०० |
| भोला साहु व्याहुत सुडी<br>वतन- चक्कर-८, धनुषा<br>बाबु-सोनफी | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ५४ | २४९.०० |
| | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ८२ | ६२८.८० |
| श्याम साह | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ५५ | ६२२.८० |
| प्रमोद कुमार साह वतन-चक्कर-८ धनुषा<br>बाबु-सत्य नारायण साह ब्याहुत सुडी | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ८३ | ३६४.४० |
| सोनावती देवी तेलीन वतन-चक्कर-८, धनुषा<br>पतिको नाम- जुगेश्वर साह | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | २७ | २२८.२० |
| | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ६४ | ८०.५० |
| सजोगिया तेलीन वतन-चक्कर-८, धनुषा पति- काली | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ५१ | २३८.०० |
| सुनर साहु तेली वतन-चक्कर ८, धनुषा<br>बाबु-मुसहरु साहु | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ५० | ८३.४० |
| सोनेलाल मंडल केवट<br>वतन- चक्कर-८, धनुषा<br>बाबु- रामसोभित मंडल | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ८२ | १७५.६० |
| | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ५३ | १९३.४० |
| | धनुषा | चक्कर | ८ | १७०-१४४५-३२४-१ | ८४ | १५१.४० |
| सेम्भु साह वतन-चक्कर-८ धनुषा<br>बुबा-रामजी | धनुषा | चक्कर | ८ | १७०-१४४५-४३३-२ | ८१ | १३६.०० |
| बौएलाल मंडल केवट<br>बाबु-रामसोभित मंडल<br>वत्तन- चक्कर-८ धनुषा | धनुषा | चक्कर | ९ | १७०-१४४५-४३३-२ | ४१ | ८९.८० |
| | धनुषा | चक्कर | ९ | १७०-१४४५-४३३-२ | ४२ | ३९६.८० |

# तीन पत्रकारलाई हिरासतमा राख्न आदेश



एएफपी । बंगलादेशको विशेष न्यायाधिकरणले सन् २०२४ को विद्यार्थी आन्दोलनसँग सम्बन्धित मानवताविरुद्धको अपराध मुद्दामा तीन पत्रकारलाई मुद्दाको टुंगो नलागेसम्म हिरासतमा राख्न आदेश दिएको छ। उहाँहरूको पक्राउ र जमानत अस्वीकारप्रति अन्तर्राष्ट्रिय मानव अधिकार तथा प्रेस स्वतन्त्रता संस्थाले आपत्ति जनाउँदै आरोप फिर्ता लिन आग्रह गरेका छन् ।

न्यायाधिकरणले एकट्टोर टेलिभिजनका प्रधान सम्पादक मोजाम्मेल बाबु, प्रमुख संवाददाता फरजाना रूपा तथा दैनिक भोरेर कागोजका सम्पादक एवं नेसनल प्रेस क्लबका पूर्व महासचिव श्यामल दत्तलाई हिरासतमा राख्न आदेश दिएको हो। उहाँहरू सोमबार न्यायाधिकरणमा उपस्थित हुनुभएको थियो । न्यायाधीशले अर्को सुनुवाइ अक्टोबर २५ का लागि तोक्दै अनुसन्धान प्रतिवेदन पेश गर्न निर्देशन दिएका छन् ।

अभियोजन पक्षले तीनै पत्रकारले विद्यार्थी प्रदर्शनकारीमाथि दमन गर्न तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई उक्साएको आरोप लगाएको छ। अभियोजनकर्ताका अनुसार उहाँहरूले जुलाई १४, २०२४ मा पत्रकार सम्मेलनमा हसिनालाई प्रदर्शनकारीबारे उत्तेजक प्रश्न सोध्नुभएको थियो। त्यसपछि उहाँले प्रदर्शनकारीप्रति आपत्तिजनक टिप्पणी गर्नुभएको र आन्दोलनमाथि रक्तपातपूर्ण दमन सुरु भएको अभियोजन पक्षको दाबी छ।

सन् २०२४ को जुलाई-अगस्टमा भएको आन्दोलनमा सयौँ मानिस मारिएका थिए । आन्दोलनको दबाबपछि हसिना अगस्ट ५, २०२४ मा भारत भाग्नुभएको थियो । उहाँमाथि मानवताविरुद्धको अपराधको आरोपमा अनुपस्थितिमै मुद्दा चलाइएको र मृत्युदण्डको फैसला सुनाइएको छ।

हसिनाको बहिर्गमनपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले तीनै पत्रकारलाई पक्राउ गरेको थियो। पत्रकारहरूविरुद्ध आन्दोलनका क्रममा भएको हत्यासहित विभिन्न आरोपमा मुद्दा चलिरहेको छ । उहाँहरूका परिवारले गैरकानूनी रूपमा हिरासतमा राखिएको दाबी गरेका छन् ।

कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सिपिजे) का एसिया-प्रशान्त कार्यक्रम संयोजक कुणाल मजुमदारले पत्रकार सम्मेलनमा प्रश्न सोधेकै आधारमा मानवताविरुद्धको अपराधको मुद्दा चलाउनु गम्भीर चिन्ताको विषय भएको बताउनुभयो । उहाँले सम्पादकीय निर्णय विवादास्पद हुन सक्ने भए पनि त्यसलाई अपराधीकरण गर्न नमिल्ने भन्दै तीनै पत्रकारलाई तत्काल रिहा गरी आरोप खारेज गर्न आग्रह गर्नुभयो।

यसैबीच, भारतमा रहनुभएकी हसिनाले आगामी डिसेम्बरमा बङ्गलादेश फर्कने बताउनुभएको छ । बङ्गलादेश सरकारले भारतसँग उहाँलाई सुपुर्दगी गर्न आग्रह गरे पनि भारतले उक्त आग्रह अस्वीकार गरेको छ।

# इरानमाथि अमेरिकाको थप प्रतिबन्ध



एएफपी। संयुक्त राज्य अमेरिकाले इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा तेल र पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित करिब ६० संस्था, व्यक्ति र पानीजहाजमाथि प्रतिबन्ध लगाएको छ।

अमेरिकी विदेश मन्त्रालयका अनुसार प्रतिबन्धको उद्देश्य इरानी शासनका आम्दानीका स्रोत रोक्नु तथा अमेरिकी सेना र सहयोगीमाथि आक्रमण गर्न सहयोग गर्ने सञ्जाल कमजोर पार्नु हो।

'अपरेसन इकोनोमिक आउटकास्ट' अन्तर्गत लगाइएको प्रतिबन्धले इरानको पेट्रोलियम आम्दानी र परम्परागत हतियारको प्रसारसँग सम्बन्धित गतिविधिलाई लक्षित गरेको मन्त्रालयले जनाएको छ। प्रतिबन्ध कार्यकारी आदेश १३८४६ र १३९४९ अन्तर्गत लगाइएको हो ।

अमेरिकाले इरानी सैन्य गतिविधिलाई सहयोग गरेको आरोपमा 'डेडेनेगर स्टार्टअप स्टुडियो' लाई पनि प्रतिबन्ध लगाएको छ। उक्त कम्पनीले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानी सैन्य लक्ष्य पहिचान तथा युद्ध क्षतिको मूल्याङ्कनका लागि चिनियाँ व्यावसायिक स्याटेलाइट तस्बिर प्रयोग गरेको अमेरिकी दाबी छ। त्यस्तै, इरानी इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) साइबर-इलेक्ट्रोनिक कमान्डलाई अमेरिकी सैन्य सम्पत्तिसम्बन्धी सूचना प्राप्त गरेको आरोपमा प्रतिबन्ध लगाइएको छ।

प्रतिबन्धको सूचीमा आइआरजिसीका कमान्डर-इन-चिफ अहमद वाहिदी पनि पर्नुभएको छ। अमेरिकी विदेश मन्त्रालयले उहाँले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानको सैन्य निर्णयमा महत्त्वपूर्ण भूमिका खेलेको आरोप लगाएको छ। 'रिवार्ड फर जस्टिस' कार्यक्रमअन्तर्गत वाहिदी र आइआरजिसीका वरिष्ठ नेता अली अब्दुल्लाहीबारे सूचना दिनेलाई एक करोड अमेरिकी डलरसम्म पुरस्कार दिने घोषणा गरिएको छ।

अमेरिकी कदमले इरानको तेल ढुवानी गर्ने 'डार्क फ्लीट' तथा पेट्रोलियम, पेट्रोलियम उत्पादन र पेट्रोकेमिकलको बिक्री तथा ढुवानीमा संलग्न अन्तर्राष्ट्रिय मध्यस्थलाई समेत समेटेको छ। मन्त्रालयले यस्ता सञ्जालले पहिचान लुकाएर भ्रामक ढुवानी गतिविधि गर्ने आरोप लगाएको छ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले यसअघि घोषणा गर्नुभएको 'अपरेसन इकोनोमिक आउटकास्ट' ले विश्वभर इरानका वित्तीय सम्बन्ध तोड्ने र इरानी शासनका आर्थिक स्रोत बन्द गर्ने लक्ष्य राखेको छ। उहाँले इरानले विश्वव्यापी अलगाव रोज्ने वा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पुनः सहभागी हुने बाटो अपनाउनेमध्ये एक छनोट गर्नुपर्ने बताउनुभएको छ।

पछिल्लो प्रतिबन्धसँगै इरानको तेल निर्यात, सैन्य खरिद र अन्तर्राष्ट्रिय वित्तीय सञ्जालमाथि अमेरिकी दबाब थप बढेको छ।

# जिम्मीले पुनः जनकपुरबाट एनपिएल खेल्ने

**टुडे समाचारदाता**

काठमाण्डु। न्युजिल्यान्ड क्रिकेट टोलीका अलराउन्डर जिम्मी निसम जनकपुर बोल्ट्समा फर्केका छन्।

३५ वर्षे निसमलाई नेपाल प्रिमियर लिग (एनपिएल) तेस्रो सिजनका लागि अनुबन्ध गरेको जनकपुर बोल्ट्सले आफ्नो समाजिक प्लेटफर्ममार्फत जनाएको छ।

निसमले सन् २०२४ को पहिलो सिजनमा जनकपुरलाई च्याम्पियन बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए। सोक्रममा उनले ९ खेलमा १९६ माथिको स्ट्राइक रेट र ३५ माथिको औषतमा २ सय ४७ रन बनाएका थिए। सबैभन्दा ठुलो स्ट्राइक रेटमा रन बनाएको कारण उनलाई पहिलो सिजनको एनपिएलमा वेस्ट स्ट्राइक रेटको अवार्ड दिइएको थियो।



पहिलो सिजनको एनपिएलमा निसमले जनकपुरबाट खेल्दै ७ विकेट पनि लिएका थिए । जनकपुरबाट 'क्याप' खेलाडीको कोटामा खेलेका उनी समर्थकमाझ निकै लोकप्रिय छबि बनाएका थिए।

जनकपुरका सिइओ निरोज खतिवडले भने, 'जिम्मीले मैदानमा मात्र होइन, हाम्रा समर्थकहरुको मनमा पनि विशेष स्थान बनाएका छन्, उनको निष्ठा र जनकपुर बोल्ट्ससँगको सम्बन्ध आफैंमा एउटा सुन्दर कथा हो। च्याम्पियन बनेको पहिलो सिजनको त्यो नायक आज फेरि आफ्नै घर फर्किएका छन्।'

तर दोस्रो सिजनमा जनकपुरसँग क्याप खेलाडीको कोटा थिएन। त्यसपछि उनी पोखरा एभेन्जर्स पुगेका थिए। त्यहाँ ४ खेलमात्र खेलेका उनले एक अर्धशतकसहित ९९ रन बनाउनुका साथै ५ विकेट लिएका थिए।

निसम यसपटक टेस्ट कोटामै जनकपुरबाट खेल्ने छन्। उनले न्युजिल्यान्डबाट १२ टेस्ट, ७६ एकदिवसीय अन्तर्राष्ट्रिय र १ सय ५ टि ट्वान्टी अन्तर्राष्ट्रिय खेलिसकेका छन्। फेब्रुअरीमा उनले न्युजिल्यान्डबाट भारतविरुद्ध टि ट्वान्टी विश्वकप फाइनल खेलेका थिए।


# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०८३/०५/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : अलि हसमत**<br>बाबुको नाम : हफिज मिया, बाजेको नाम : मसुद मिया<br>ठेगाना : गम्हरिया पर्सा - ६, रौतहट, हाल : गढीमाई - ३, रौतहट<br>ना.प्र.प.नं. : ४४५, जि.प्र.का. रौतहट, जारी मिति : २०४७/०४/३०<br>**शाखा कार्यालय : चन्द्रनिगाहपुर** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : ओहीदा खातुन**<br>पतिको नाम : अलि हसमत<br>ससुराको नाम : हफिज मिया<br>ठेगाना : गम्हरिया पर्सा - ६, रौतहट<br>हाल : गढीमाई - ३, रौतहट<br>ना.प्र.प.नं. : ०३२३०७७/३२५<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/२४ | **२. नाम : मो. सज्जाद आलम**<br>बाबुको नाम : अलि हसमत<br>बाजेको नाम : हफिज मिया<br>ठेगाना : गम्हरिया पर्सा - ६, रौतहट<br>हाल : गढीमाई - ३, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७०-०६७२५<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/११/१५ |
| | **धितोको विवरण** | |
| | राम प्रसाद गोसाईको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको गम्हरिया - ५ ख, रौतहट स्थित कित्ता नं. १४५ र १४४ को क्षेत्रफल क्रमशः ०-१२-१.२ र ०-१२-२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| २. | **नाम : गौरी ट्रेडर्स**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर, धनुषा<br>दर्ता नं. : ८७७८/८३/०७३/०७४, दर्ता मिति : २०७३/०४/१४<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २२, धनुषा, **प्रोप्राईटर : गौरी कुमारी** | |
| | **नाम : राघबेन्द्र प्रसाद यादव**<br>बाबुको नाम : राम दयाल यादव, बाजेको नाम : मेसो यादव<br>ठेगाना : बसबिट्टी - ४, धनुषा, हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : ०९६७११६८, जि.प्र.का. धनुषा, जारी मिति : २०५५/०२/१३<br>**शाखा कार्यालय : जनकपुर** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : राघबेन्द्र प्रसाद यादव**<br>बाबुको नाम : राम दयाल यादव<br>बाजेको नाम : मेसो यादव<br>ठेगाना : बसबिट्टी - ४, धनुषा<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : ०९६७११६८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५५/०२/१३ | **२. नाम : गौरी कुमारी**<br>पतिको नाम : राघबेन्द्र प्रसाद यादव<br>ससुराको नामः राम दयाल यादव<br>ठेगाना : बसबिट्टी - ४, धनुषा<br>हाल : जनकपुर - ९, धनुषा<br>ना.प्र.प.नं. : १७१०७८/३०७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६८/०८/१८ |
| | **धितोको विवरण** | |
| | १. गौरी कुमारीको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको बसबिट्टी - १, धनुषा स्थित कित्ता नं. १२९३, १२९६ र १२९७ को क्षेत्रफल क्रमशः ०-०-७-०, ०-०-८-० र ०-०-९-० तथा बसबिट्टी - ४, धनुषा स्थित कित्ता नं. ५२२, ५२५ र ५२८ को क्षेत्रफल क्रमशः ०-०-४-०, ०-१-१२-८ र ०-२-१८-१४ (विगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. राघबेन्द्र प्रसाद यादवको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता रहेको जनकपुर - ९, धनुषा स्थित कित्ता नं. ३२० र ७८ को क्षेत्रफल ०-०-२-३ र ०-०-३-० (विगाहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| ३. | **नाम : धिरज हार्डवेयर**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट<br>दर्ता नं. : ५०७/३९, दर्ता मिति : २०६६/०६/०६<br>ठेगाना : झुनखुनवा - ९, रौतहट<br>**संचालक/प्रोप्राइटर : रामेश्वर साह, शाखा कार्यालय : गौर** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : रामेश्वर साह**<br>बाबुको नाम : जिया लाल साह<br>बाजेको नाम : लछु साह<br>ठेगाना : झुनखुनवा - ९, रौतहट<br>हाल : यमुनामाई - ५, रौतहट<br>ना.प्र.प.नं. : २८९८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/१८ | **२. नाम : श्रदा देवी**<br>पतिको नाम : रामेश्वर साह<br>ससुराको नाम : जिया लाल साह<br>ठेगाना : झुनखुनवा - ९, रौतहट<br>हाल : यमुनामाई - ५, रौतहट<br>ना.प्र.प.नं. : २५५९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६२/०८/२७ |
| | **धितोको विवरण** | |
| | रामेश्वर साहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता रहेको झुनखुनवा - ९, रौतहट स्थित कित्ता नं. ८११, ८००, ८०४, ५३६ र ४८२ को क्षेत्रफल क्रमशः ०-१-८ 3/4, ०-१-०, ०-१-०, ०-०-१० र ०-२-६ तथा झुनखुनवा - ५, ख रौतहट स्थित कित्ता नं. ९ र ५७६ को क्षेत्रफल क्रमशः ०-५-७ र ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| ४. | **नाम : महमद जाफरुदिन**<br>बाबुको नाम : अब्दुल वहाव, बाजेको नाम : शेष सदिक<br>ठेगाना : हरिवन - ११, सर्लाही<br>ना.प्र.प.नं. : १९२०८९/९६४, जि.प्र.का. सर्लाही, जारी मिति : २०६५/०८/०२<br>**शाखा कार्यालय : लालबन्दी** | |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : महमद एमामुद्धिन**<br>बाबुको नाम : अब्दुल वहाव<br>बाजेको नाम : शेष सदिक<br>ठेगाना : हरिवन - ११, सर्लाही<br>ना.प्र.प.नं. : १९-०२-७८-००२४१<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७८/०३/१७ | **२. नाम : तारा खातुन**<br>पतिको नाम : महमद जाफरुदिन<br>ससुराको नाम : अब्दुल वहाव<br>ठेगाना : हरिवन - ११, सर्लाही<br>ना.प्र.प.नं. : १९-०२-७२-०३८८९<br>जि.प्र.का. महोतरी<br>जारी मिति : २०७२/११/०४ |
| | **३. नाम : कान्ती देवी**<br>पतिको नाम : अब्दुल वहाव, ससुराको नाम : शेष सदिक<br>ठेगाना : हरिवन - ८, सर्लाही, हाल : हरिवन - ११, सर्लाही<br>ना.प्र.प.नं. : २१२२, जि.प्र.का. सर्लाही, जारी मिति : २०४६/०३/२२ | |
| | **धितोको विवरण** | |
| | महमद जफरुदिनको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीमा दर्ता रहेको हरिवन - ५ ख, सर्लाही स्थित कित्ता नं. १२३८ को क्षेत्रफल ०-१-१०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| ५. | **नाम : ललिता कुमारी चौलागाई**<br>पतिको नाम : दान बहादुर बस्नेत<br>ससुराको नाम : चन्द्र बहादुर बस्नेत<br>ठेगाना : भक्तिपुर - २, सर्लाही<br>हाल : इश्वरपुर - ४, सर्लाही<br>ना.प्र.प.नं. : १९३०५१/२३८४, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/११/०२<br>**शाखा कार्यालय : लालबन्दी** | **नाम : दान बहादुर बस्नेत**<br>बाबुको नाम : चन्द्र बहादुर बस्नेत<br>बाजेको नाम : बल बहादुर बस्नेत<br>ठेगाना : बर्रे - २, उदयपुर<br>ना.प्र.प.नं. : ९३०<br>जि.प्र.का. उदयपुर<br>जारी मिति : २०६१/०९/०१ |
| | **धितोको विवरण** | |
| | ललिता कुमारी चौलागाईको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीमा दर्ता रहेको भक्तिपुर -२, सर्लाही स्थित कित्ता नं. २५३ को क्षेत्रफल ०-०-९.२५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
